आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : माङसेबुङ गाउँपालिका, इलाम , माङसेबुङ गाउँपालिका , इलाम

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विनोद कुमार चौहान	२०७९-४-२४	हाल सम्म कार्यरत
लेखा प्रमुख	Manju Bhattarai	२०७६-८-१	
		बेरुजु रकम	२६,११७,५०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७,६७,९०,९८२.९३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०,७५,७८,०००	चालु खर्च	२६,६८,८३,६०७.३२
प्रदेश सरकारबाट अनुदान	२,६२,६०,०००	पूँजीगत खर्च	१३,१५,०६,३१८.४४
राजश्व बाँडफाँट	६,९७,३६,४३८.४६	वित्तीय/अन्य व्यवस्था	७,४५,५३,२६९
आन्तरिक आय	१,१५,३१,६७०.४९		
अन्य आय	७,५८,२९,३८३.६३		
कुल आय	४९,०९,३५,४९२.५८	कुल खर्च	४७,२९,४३,१९४.७६
बाँकी मौज्दात		९,४७,८३,२८०.७५	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ सभा सदस्य, १४२.४१ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार ५०३ जनसंख्या रहेको छ ।	
२			**वित्तिय विवरण**	

आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२								
प्राप्ती भुक्तानी हिसाव								
विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		४३,१८,९३,०१३.२५	४४,१५,६६,४८४.८३		४४,१५,६६,४८४.८३	३८,७७,८३,०३५.६६		३८,७७,८३,०३५.६६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		४१,६१,६५,६८०	४२,५९,०६,१०८.९५	०	४२,५९,०६,१०८.९५	३७,२१,६६,३४४.६६	०	३७,२१,६६,३४४.६६
११००० कर	११	७,६९,६७,६८०	७,७१,३४,१९८.९५	०	७,७१,३४,१९८.९५	६,३८,९३,०२३.१२	०	६,३८,९३,०२३.१२
१३००० अनुदान		३३,५२,३८,०००	३४,४६,३८,०००	०	३४,४६,३८,०००	३०,३९,४८,०८०	०	३०,३९,४८,०८०
संघीय	१२	३०,८९,७८,०००	३१,८३,७८,०००	०	३१,८३,७८,०००	२८,२९,९९,०८०	०	२८,२९,९९,०८०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			सरकार									
			प्रदेश सरकार	१२	२,६२,६०,०००	२,६२,६०,०००	०	२,६२,६०,०००	२,०९,४९,०००	०	२,०९,४९,०००	
			१४००० अन्य राजस्व		३९,६०,०००	४१,३३,९१०	०	४१,३३,९१०	३८,६८,९४४	०	३८,६८,९४४	
			१५००० विविध प्राप्ति		०	०	०	०	४,५६,२९७.५४	०	४,५६,२९७.५४	
			ख. अन्य प्राप्ति		१,५७,२७,३३३.२५	१,५६,६०,३७५.८८		१,५६,६०,३७५.८८	१,५६,१६,६९१		१,५६,१६,६९१	
			वितरण गर्न बाकी राजस्व		०	०	०	०	०	०	०	
			कोषहरु		१,५७,२७,३३३.२५	१,२२,४३,७७३.८८	०	१,२२,४३,७७३.८८	१,३२,२६,००६	०	१,३२,२६,००६	
			धरौटी		०	३४,१६,६०२	०	३४,१६,६०२	२३,९०,६८५	०	२३,९०,६८५	
			संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०	
			भुक्तानी (ग+घ)		५०,८६,८३,९९६.१८	४१,०५,८४,०७१.६१		४१,०५,८४,०७१.६१	३६,२१,६०,९६६.२०		३६,२१,६०,९६६.२०	
			ग. भुक्तानी (सञ्चित कोषबाट)		४९,२९,५६,६६२.९३	३९,८४,२७,१४३.६१		३९,८४,२७,१४३.६१	३५,५५,२९,३२९.३३		३५,५५,२९,३२९.३३	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			२१००० पारिश्रमिक / सुविधा	१८	१३,८८,९७,१००	१३,३९,१०,८१९.०५	०	१३,३९,१०,८१९.०५	१०,७२,३७,५८३.५९	०	१०,७२,३७,५८३.५९	
			२२००० मालसामान तथा सेवाको उपयोग	१८	१३,००,३६,७५५	९,३१,५०,९९८.८३	०	९,३१,५०,९९८.८३	१०,२७,८४,०४८.४६	०	१०,२७,८४,०४८.४६	
			२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	१,२०,०००	१,००,०००	०	१,००,०००	०	०	०	
			२७००० सामाजिक सुरक्षा	१८	५७,८०,०००	१९,१५,४७१	०	१९,१५,४७१	६९,९७,२७४.५०	०	६९,९७,२७४.५०	
			२८००० अन्य खर्च	१८	३,७९,३५,४८२.९३	३,७८,४३,५३६.२९	०	३,७८,४३,५३६.२९	२,३८,३९,६६०.८७	०	२,३८,३९,६६०.८७	
			३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	१८,०१,८७,३२५	१३,१५,०६,३१८.४४	०	१३,१५,०६,३१८.४४	११,४६,७०,७६१.९१	०	११,४६,७०,७६१.९१	
			घ. अन्य भूक्तानी		१,५७,२७,३३३.२५	१,२१,५६,९२८		१,२१,५६,९२८	३६,२१,६०,९६६.२०		३६,२१,६०,९६६.२०	
			कोषहरु		१,५७,२७,३३३.२५	९४,७८,३२०	०	९४,७८,३२०	५२,९६,५६२.३७	०	५२,९६,५६२.३७	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

धरौटी		०	२६,९७,९५८	०	२६,९७,९५८	१३,३५,०७४.५०	०	१३,३५,०७४.५०
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०	०	०	०
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			-१९,३५०		-१९,३५०			
ङ. यो वर्षको बचत (न्युन)		(७,६७,९०,९८२.९३)	३,०९,८२,४१३.२२		३,०९,८२,४१३.२२	२,५६,२२,०६९.४६		२,५६,२२,०६९.४६
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			३१,६२,४७७		३१,६२,४७७	६,२४,९०,५५२.६०		६,२४,९०,५५२.६०
वर्षान्तको बाकी रकम (ङ + च)		(७,६७,९०,९८२.९३)	३,४१,४४,८९०.२२		३,४१,४४,८९०.२२	८,८१,१२,६२२.०६		८,८१,१२,६२२.०६
बैंक तथा नगद बाकी	२४		३,४८,७०,८९०.२२		३,४८,७०,८९०.२२	८,१४,९९,६१९.०६		८,१४,९९,६१९.०६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली
लेखापरीक्षणको क्रममा देहायबमोजिमको रु. ६३६५०/- असुल भई आएको छ ।
<table>
<tr><th>सिं. नं.</th><th>विवरण</th><th>असुली रकम</th></tr>
<tr><td>१</td><td>अध्यक्षलाई थप सञ्चार खर्च प्रदान गरेको रु.११२००/- असुल भई आएको ।</td><td>११२००</td></tr>
<tr><td>२</td><td>विभिन्न कर्मचारीहरुको पारिश्रमिक कर बापतको रकम असुल भई आएको रु. २००५०/-</td><td>२००५०</td></tr>
<tr><td>३</td><td>बढी छात्रवृत्ति निकासा बापत सरस्वती मा.वि. को रकम असुल भई आएको ।</td><td>२४००</td></tr>
<tr><td>४</td><td>OJT मा बढी निकासा भएको रकम रु. ३००००/- असुल भई आएको ।</td><td>३००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६३६५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तिय विवरण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । यस पालिकाले गरिबी निवारण कोष, कर्मचारी कल्याण कोष र विविध कोष बाहेकको कारोबारको २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईयो । त्यस अतिरिक्त अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त रकम समेत सुत्रमा समावेश छैन । तसर्थ सुत्रबाट प्राप्त वित्तीय विवरणमा पालिकाका सम्पूर्ण प्राप्ती र भुक्तानी समावेश नभएकोले पालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>कोष स्थान्तरणको अवस्था
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा पालिकाले चालुखर्च खाताबाट रु.८८७५६५२।८७ र पूँजिगत खर्च खाताबाट रु. ५८०८६८१।५६ मिति २०७९।४।१८ मा संचित कोषमा स्थानान्तरण गरेको पाइयो । त्यस अतिरिक्त आन्तरिक राजस्वा खाताबाट रु. ६३६७१७/- र विभाज्य कोष खाताबाट रु. ७२६०००/- समेत मिति २०७९।४।१८ मा मात्र संचित कोष खातामा आम्दानी बाँधेको पाइयो । ऐनमा भएको व्यवस्थाको पालना तर्फ पालिकाको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**गत वर्षको दायित्व** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गाउँपालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा बाँकी रहेको रु. ८१४९९६१९।०६ यस वर्ष जिम्मेवारी सार्नु पर्नेमा सुत्रबाट प्राप्त प्रतिवेदन म.ले.प. २७२ मा रु. ३१६२४७७/- मात्र जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७८३३७१४२।०६ घटी जिम्मेवारी सारेको देखिन्छ । पालिकाको वित्तिय विवरणको परीक्षण गर्दा सञ्चित कोष खातामा रु. ७६७९०९८२।९३ र प्रकोप व्यवस्थापन कोषमा रु. १३१६४४०।६३ समेत रु. ७८१०७४२३।५६ अल्या गरेको बैंक स्टेटमेन्ट तथा गोश्वारा भौचर पेश भएकोमा सुत्रबाट प्राप्त प्रतिवेदन (म.ले.प. २७२) मा उक्तअल्या गरेको रकम समावेश भएको देखिएन । यस सम्बन्धमा एकिन गरी हिसाब फरफारक गर्नुपर्ने देखिन्छ । पालिकाको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्ष मौज्दात रकम रु. ८१४९९६१९।०६ रहेकोमा बैंक स्टेटमेन्ट अनुसार संचितकोष, धरौटी र प्रकोप व्यवस्थापन कोष समेत गरी कुल रु. ८१२६९९००।५६ अल्या भएको देखिन्छ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन भन्दा घटी जिम्मेवारी सारेको रकम रु. २२९७१८।५० सम्बन्धी एकिन गर्नुपर्ने देखिएको रु.	२२९,७१८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७			**बैंक हिसाव मिलान** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वारा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको अवस्था छ ।पालिकाले मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको विभिन्न खाताहरुको बैंक हिसाब मिलान तथा चेक साट्न बाँकी विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखियो । यसरी फरक परेको रकम २६२०७१०८।२० सम्बन्धमा यकिन गरी बैंक हिसाब मिलान विवरण तयार गनुपर्दछ ।	

बैंक खाताको नाम	बैंक अनुसार बाँकी	श्रेस्ता अनुसार बाँकी	फरक रकम
संचित कोष खाता	७८४६८३७४।८८	९४५१५४२६।३१	(१६०४७०५१।४३)
चालु खर्च खाता	८८७५६५२।८७	०	८८७५६५२।८७
पूँजिगत खर्च खाता	६६५५१७८।५६	०	६६५५१७८।५६
आन्तरिक राजस्व खाता	६३६७१७	०	६३६७१७
विभाज्य कोष खाता	७२६०००	०	७२६०००
प्रकोप व्यवस्थापन कोष खाता	५३८१२०।६३	५३८१२०।६३	०
धरौटी खाता	४३२००५२	३८८११२१	४३८९३१
जम्मा	१००२२००९५।९४	९८९३४६६७।९४	१२८५४२८

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**अन्तर सरकारी अख्तियारी** गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त भएको रकम प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन । पालिकामा प्राप्त अन्तर सरकारी अख्तियारी अन्तर्गत गरिव सँग विशेश्वर कार्यक्रम मार्फत प्राप्त तथा खर्च भएको रकम रु. ४४८६६०/-, स्वच्छ वातावरण कार्यक्रम मार्फत प्राप्त तथा खर्च भएको रकम रु. १५०००००/- र सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त तथा खर्च भएको रकम रु. ६०४४७६८१/- समेत कुल रु. ६२३९६३४१/- सुत्रको वित्तिय प्रतिवेदनमा समावेश भएको पाइएन ।	
९			**योजना र कार्यान्वयन**	
९.१			स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको पाइएन ।	
९.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समिति र ठेक्का मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: क्रस | योजना सिमा | संख्या | रकम १ | १ लाख भन्दा कम | २९ | २८,२६,०००।- २ | १ देखी ५ लाख सम्म | ८१ | २,२२,६७,०००।- ३ | ५ देखी १० लाख सम्म | २२ | १,६३,८६,०००।- ४ | १० देखी ५० लाख सम्म | १७ | ३,७३,१४,०००।- ५ | ५० लाख भन्दा माथि | ३ | २,१४,००,०००।-	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
१०			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष परामर्श खरिद मार्फत आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको तर उक्त प्रतिवेदन लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् । वजेट व्यवस्थापनतर्फ • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गरेको पाइएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले यस वर्ष परामर्श सेवा मार्फत मध्यमकालिन खर्चको संरचनाको खाका तयार गरेता पनी त्यस्लाई अद्यावधिक गरेको पाइएन । • दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गर्नुपर्नेमा पालिकाले यस वर्ष परामर्श सेवा मार्फत सोको खाका तयार गरेता पनी त्यस्लाई अद्यावधिक गरेको पाइएन । • पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन । भ्रमण खर्च व्यवस्थापनतर्फ • भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमण अभिलेख व्यवस्थित गरी राखेको पाइएन । • नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आंशीक रुपमा मात्र लिने गरेको पाइयो । खरिद व्यवस्थापन तर्फ • स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन • सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाइएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • उपभोक्ता समितिलाई दिएको कामको अनुगमन आंशीक रुपमा मात्र गरेको र अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार र्गने गरेको देखिएन । • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरेको छैन । • पालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने गरेको पाइएन । शिक्षातर्फ • स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन । • शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरेको पाइएन । • संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गीकरण, लगायतका व्यवस्थाको अनुगमन गर्ने नगरेको । • संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन । विविध तर्फ • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको । • म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा सोको अभिलेखाङ्कन नभएको ।	
११			**सुचना प्रविधि पद्धती** पालिकाअन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियोः • सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन । • म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन । • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।	
१२			**बेरुजु लगत** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकालेम. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख लगायतका विवरण अद्यावधिक राखेको देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३			**जिन्सी व्यवस्थापन**	
१३.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७९ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा सम्पूर्व विवरण तयार गरेको देखिएन । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्टेद १० मा सम्पत्तिको जिम्मा लगत र संरक्षण सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयको आ व ०७८।०७९ को जिन्सी व्यवस्थापन परीक्षणमा निम्न व्यहोरा देखिएको छ । १.खरिद वा हस्तान्तरण भई आएका सम्पत्तिको लागत बाधि तयार गरेता पनि नियम ९५(३) अनुसार प्रविधिजन्य सम्पत्तिको अवस्था यकिन हुने गरी प्राविधिकबाट जाँच गराई प्रमाणित गरेको छैन । २.नियम ९८ अनुसार खारेज भएका वा गाभिएका कार्यालयबाट प्राप्त जिन्सीको विवरण खुल्ने लगत तयार गर्नुपर्नेमा नगरेको पाईयो । ३.नियम ९९ (१) अनुसार जिन्सी निरिक्षण गरेता पनि नियम ९९(२) अनुसारको प्रतिवेदन लिने र सो को कार्यान्वियन गरेको देखिएन । ४.नियम १०२ अनुसार घरजग्गाको लगत अद्यावधिक गरेको पाइएन । ५.कार्यालयले परामर्श सेवामा प्राप्त भएका विभिन्न प्रतिवेदनहरुको सफ्ट कपीहरु लिने गरी र सोलाई आम्दानीमा देखाउने गरी मूर्त तथा सम्झौता नगरी कार्यान्वियन गर्दा एउटै प्रतिवेदनको तयारी र सामान्य संसोधनमा पनि परामर्शदातामै निर्भर रहनु पर्ने देखियो अत भविष्यमा सामान्य परिवर्तनबाट लिन सकिने सेवा र कार्यालयको जनशक्तिको उपयोगका लागि त्यस्ता प्रतिवेदनको Soft Copy लिई सुरक्षित राखी उपयोग ल्याउनु पर्छ ।	
१३.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।	
१३.३			स्थानीय सरकार संचालन ऐन २०७४, को परिच्छेद ३ दफा ११ मा गाउँपालिकाको काम, कर्तव्य र अधिकारको व्यस्था बमोजिम गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखि अद्यावधिक गर्नुपर्ने, सम्पत्तिको संरक्षण र उपयोग नीति मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राखेको, सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाएको पाईएन । साथै सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको सम्बन्धमा अनुगमन हुने गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१३.४			सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेतापनि उक्त विवरण अद्यावधिक राखेको देखिएन।	
१४			**अनुदान फिर्ता** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिक स्थानीय तहमा प्राप्त हुने समानिकरण बाहेकका अनुदान वर्षान्तमा खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । सुत्रबाट प्राप्त विवरण अनुसार असार मसान्तमा संघीय सरकारतर्फ रु. ३६५९९९१८।२७ र प्रदेश सरकार तर्फ रु. २३८०९१०/- अनुदान खर्च नभई बाँकी रहेकोमा लेखापरीक्षण अवधिभित्र पालिकाले संघीय सरकार तर्फको रु. ३६५९९९१८।२७ र प्रदेश सरकार तर्फको रु. २३८०९१०/- मिति २०७९।५।१३ मा फिर्ता गरेको देखियो । पालिकाले खर्च नभई बाँकी रहेको रकमलाई आर्थिक वर्षको अन्त्यमै फिर्ता गर्नु पर्दछ ।	
१५			**कानून निर्माणको अवस्था** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । यस पालिकाले हालसम्म १८ ऐन, ४ नियमावली ३५ कार्यविधी, ७ निर्देशिका, १ मापदण्ड र १ आचारसंहिता समेत ६६ कानून एवं कार्यविधी निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यो वर्ष कार्यपालिकाले निम्न कानुन निर्माण गरेको पाइयोः १.अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि -२०७८ २.सञ्चितकोषको आलेप सम्बन्धी कार्यविधि -२०७८ ३.आधारभुत तह १-८ को स्थानीय पाठ्याक्रम – २०७८ ४.स्थानीय सञ्चार माध्यममा लोककल्याणकारी सूचना प्रकाशन तथा प्रशारण सम्बन्धी कार्यविधि – २०७८ ५.सुरक्षित आप्रवासन कार्यविधि -२०७८ ६.स्थानीय तह स्वास्थ्य बिमा संयोजक समितिगठन। सञ्चालन कार्यविधि -२०७८ आवश्यक कानूनहरु समयमा नै निर्माण तथा कार्यान्वियन गरि सेवा प्रवाहमा अभिबृधि गर्नु पर्दछ ।	
१६			**न्यायिक समिति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यस बर्ष १ वटा विवाद दर्ता भएकोमा १ विवाद माथिल्लो निकायमा पठाइएको र १ वटा विवाद फछ्र्यौट गर्न बाँकी रहेको देखियो । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७			**सेवा प्रवाह मुल्याङ्कनको अवस्था** पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले ७६.५० प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत मुल्याङ्कनको आधारमा पालिकाले ५१ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले यसमा सुधार गर्नुपर्दछ ।	
१८			**सेवा प्रवाहको स्थिती** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाँउपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाँउपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, पञ्जिकरणको तथ्याङ्क तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । यस गाँउपालिका तथा अन्तर्गतका वडाबाट यस वर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ ।	

क्र. सं.	विवरण	सेवा प्राप्तका लागि निवेदन संख्या	सिफारिस संख्या
१	अन्य सिफारिस	१५५६	१५५६
२	व्यक्तिगत घटना दर्ता	२५०	२५०
३	घरबाटो सिफारिस	१४२	१४२
४	घरधुरी प्रमाणित	६७६	६७६
५	संस्था दर्ता	१४१	१४१
	जम्मा	२७६५	२७६५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९			**खरिद कारवाहीको अभिलेख** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम खरिद कार्यको सुरु देखि अन्त्यसम्म सम्पूर्ण क्रियाकलापको कागज प्रमाण देखिने गरी शिलसिलेवार रुपमा खरिद अभिलेख फाइल व्यवस्थापन हुनुपर्नेमा कार्यालयवाट निर्माण व्यवसायी तथा परामर्शदातासंग भएका खरिद सम्झौतासंग सम्बन्धित फाइलहरुको अभिलेख व्यवस्थित गरी राखेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**ठेक्का व्यवस्थापन** यो वर्ष पालिकाले निर्माण तर्फ १० ठेक्का मध्ये बोलपत्र मार्फत ८ र दरभाउपत्र मार्फत २ निर्माण कार्य गराएको छ । ४ आय ठेक्का सिलबन्दी दरभाउ पत्रद्वारा र २ वटा मालसामान खरिद कार्यहरु मध्ये १ बोलपत्र र १ सिलबन्दी दरभाउपत्र मार्फत गरी सबै ठेक्का सम्पन्न गरेको देखियो । प्राप्त विवरण अनुसार विगतको अधुरो ठेक्का देखिएन । पालिकाले प्रथम त्रैमासिकमा ठेक्का प्रक्रिया पुरा गरेर दोस्रो त्रैमासिकबाट ठेक्का कार्यसम्पन्न गर्नुपर्नेमा मालसामान खरिदको बोलपत्र तथा दरभाउपत्र सम्बन्धी कार्य दोस्रो त्रैमासिकमा गरेकोले देखिन्छ । अतः नियमावलीमा उल्लेखित व्यवस्थाको पालना हुने गरी समयमा नै ठेक्का व्यवस्थापन गरी कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ ।	
२१			**संगठन तथा व्यवस्थापन सर्वेक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत विगत देखिनै शाखा महाशाखा खडा गरी कार्य सञ्चालन भई रहेकोमा गत वर्ष परामर्श मार्फत संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइयो । तर उक्त संगठन तथा व्यवस्थापन सर्वेक्षण सभाद्वारा स्विकृत गरेको पाइएन । तसर्थ स्थानिय सेवा सञ्चालन सम्बन्धी ऐन पारित गरी, ऐनमा तोकिए अनुसार खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता गरेरमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कर्मचारी दरबन्दी स्वीकृत गराउनुपर्दछ ।	
२२			**करार कर्मचारी व्यवस्थापन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यकोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. ९८८६८७१/- खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन,चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिनसकिने व्यवस्था गरेको छ। पालिकाले माथि उल्लेखित पदवाहेक दरबन्दी भित्र वा वाहिरको गरी सामाजिक परिचालक २, अमिन १, ल्याव असिस्टेन्ट १, भाषिक कर्मचारी १ गरी जम्मा ५ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु. १६४६७९०/- भुक्तानी गरेको छ । यसरी करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.	१,६४६,७९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**फिल्ड भत्ता कार्यविधि** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । साथै दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने समेत व्यवस्था रहेको छ । पालिकाले अन्तर्गतका प्राविधिक कर्मचारीहरुलाई विभिन्न दरअनुसार फिल्ड भत्ता उपलब्ध गराउने भनी कार्यपालिको निर्णयको आधारमा यस वर्ष पालिकाले देहायबमोजिमका कर्मचारीहरुलाई फिल्ड भत्ता बापत रु. ४३२३४९/- भुक्तानी दिएको छ । पालिकाले फिल्ड भत्ता वितरण सम्बन्धी कुनै कानुन तर्जुमा नगरी कार्यपालिका निर्णयको आधारमा फिल्ड भत्ता बापत खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.	४३२,३४९

क्र. सं.	**पद**	**कर्मचारीको नाम**	**मासिक दर**	**कुल भुक्तानी रकम**
१	इन्जिनियर	अर्जुन घिमिरे	७०००	८४०००
२	सब इन्जिनियर	युवराज दाहाल	६०००	६००००
३	सब इन्जिनियर	पुष्कर कार्की	६०००	६००००
४	सब इन्जिनियर	विष्णु दाहाल	६०००	६००००
५	असिस्टेन्ट सब इन्जिनियर	काजिमान राई	३५००	१९८३३
६	असिस्टेन्ट सब इन्जिनियर	माधव अधिकारी	३५००	४२०००
७	असिस्टेन्ट सब इन्जिनियर	विपिन श्रेष्ठ	३५००	४२०००
८	असिस्टेन्ट सब इन्जिनियर	ईश्वर प्रसाद दाहाल	३५००	४२०००
९	असिस्टेन्ट सब इन्जिनियर	अम्बिका ढुङ्गेल सुवेदी	३५००	२२५१६
	जम्मा			**४३२३४९**

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२४	४४६	२०७९-३-२५	**कर्मचारी कल्याण कोषमा ट्रान्सफर** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण ,ओषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले २०७६ श्रावण देखि पछि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्ने गरेको पाईयो । अन्य स्थानीय कर्मचारीको हकमा पालिकाले उपरोक्त व्यवस्था बमोजिम अवकास कोषमा रकम जम्मा गर्ने गरेको पाइएन । पालिकाले कार्यविधि समेत तयार नगरी यस वर्ष चालु खर्च खाताबाट एकमुष्ट रकम रु १३०६९०।०० माङसेबुङ कर्मचारी कल्याण कोष खातामा ट्रान्सफर गरेको नियमसम्मत नदेखिएको रु.	१३०,६९०
२५			**विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्षको आन्तरिक आय रु. ८३९११०१।४९ रहेकोमा विविध खर्चमा मात्र रु. १६५२७१०/- (करीव २० प्रतिशत) खर्च भएको पाइयो । यसमा सुधार हुनुपर्दछ ।	
२६			**विद्यालय व्यवस्थापन**	
२६.१			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा निकासाको एक्सेल सिट विवरण तयार गरेको भएतापनी विद्यालयगत रुपमा यथार्थ विवरण खुल्ने गरी निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ ।	
२६.२			सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापनको लागि पालिकाले मापदण्ड बनाएको पाइएन । पालिकाको शिक्षा शाखा द्वारा सामुदायीक विद्यालयहरुको आंशीक रुपमा अनुगमन गरेको भएकोता पनि सो को प्रतिवेदन तयार गरेको देखिएन । तसर्थ पालिकाले विद्यालयहरुको नियमित अनुगमन तथा मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।	
२६.३			कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सामुदायीक विद्यालयहरुको कार्यालयले निकासा दोहोरो परे नपरेको शैक्षिक गुणस्तरको अवस्था मापदण्ड निर्धारण गरी सोही बमोजिम अनुगमन गर्नुपर्दछ । पालिकाको सो व्यवस्था बमोजिम अनुगमन तथा प्रतिवेदन तयार गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६.४			पालिकामा अवस्थित निजी विद्यालय व्यवस्थापन गरी सोको अनुगमन मापदण्ड निर्धारण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन । निजी विद्यालयको शुल्क निर्धारण गर्न पालिका मापदण्ड तयार गरेको पाइएन । तसर्थ पालिकाले निजी विद्यालयलाई व्यवस्थापन गर्न शुल्क तथा मापदण्ड निर्धारण गरी सो को नियमित अनुगमन तथा प्रतिवेदन पेश गर्नु पर्दछ ।	
२७			**धरौटी आम्दानी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ (घ) मा कसले के बापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा रहेको धरौटी रकम कार्यालयले राजस्व खातामा आम्दानी बाँध्नु पर्ने उल्लेख छ । पालिका अन्तर्गत गत विगत देखी बैंक खातामा रहेको नामनामेसी नखुलेको धरौटी रकम रु. ५९८००/- रहेको पाइयो । पालिकाले उक्त रकम नियमावलीमा भएको व्यवस्था बमोजिम राजस्व खातामा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने रु.	५९,८००
२८			**म ले प फारमहरुको प्रयोग** महालेखा नियन्त्रक कार्यालयको च. नं. १ मिति २०७६।४।१ को परिपत्रमा महालेखापरीक्षक कार्यालयबाट स्वीकृत नया म.ले.प.फारमको प्रयोग गरी लेखा राख्नुपर्ने उल्लेख छ । पालिका सोही बमोजिम धरौटी अन्तर्गतका स्विकृत म.ले.प.फारम नं: ६०१-६०८ को प्रयोग गरेको पाइएन ।	
२९			**खोप विवरणको अवस्था** पालिकालाई कोभिड- १९ अन्तर्गत प्राप्त भएको खोप प्राप्ती खर्च र फिर्ताको विवरण माग गरेकोमा सो विवरण प्राप्त नभएकोले यस सम्बन्धी थप विश्लेषण गर्न सकिएन ।	
३०	विभिन्न		**कोभिड - १९ राहत वितरण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । कार्पायलिकाले कोभिड- १९ का कारण मृत्यु हुनेलाई क्षतिपूर्ती स्वरुप रु. ३५०००/- का दरले वितरण गर्ने निर्णय गरेकोमा भुक्तानी पाउनका लागि मृत्यु दर्ता, कोभीड-१९ लागेको प्रमाण पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले सव इन्जिनियर युवराज दाहाल मार्फत इताहाङ्ग लिम्बु र चन्द्रमाया लिम्बुको परिवारलाई राहत स्वरुप रु. ३५०००/- का दरले रु. ७००००/- वितरण गरेकोमा उल्लेखित व्यक्तिहरुको मृत्यु दर्ता र कोभिड-१९ लागेको प्रमाण पेश नभएको रु.	७०,०००
३१			**नीति तथा कार्यक्रम कार्यान्वयन** आ व २०७७।०७८ मा तयार भएको १० शैयाको अस्पताल सञ्चालनको विस्तृत आयोजना प्रतिवेदन अनुसार आवश्यक जग्गा व्यवस्था भएता पनि निर्माणका लागि बजेट अभावका कारण अस्पताल निर्माण तथा सन्चालन कार्यक्रम कार्यान्वयन हुन नसकेको देखियो । पालिकाको भौगोलिक र हालको स्वास्थ्य सेवाको अभावको सहजताकालागि अस्पताल निर्माण तथा सन्चालन गर्न सम्वद्ध निकायको ध्यानाकर्षण हुनु पर्ने दखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**निर्णय कार्यान्वयनका अवस्था** नवौ गाँउ सभाको निर्णय नं २ मा साबिक वडा ३ लाई वडा विभाजन गरी वडा नं ७ थप गर्नका लागि सभाले स्वीकृत गरी प्रदेश सरकार मार्फत संघीय सरकारमा पठाउने निर्णय भएता पनि हाल सम्म कार्यान्वयन नभएको पाईयो।त्यसैगरि २०७९।०२।१६ को नवनिर्वाचित कार्यपालिकाको पहिलो बैठकको निर्णय नं ५ अनुसार सेवा प्रवाहमा अभिवृद्धीका लागि वडा २ ३ ६ को क्रमश चित्रे सामुदायिक भवन माथिल्लि भञ्ज्याङ र टोड्केमा सेवा केन्द्र स्थापना गर्ने निर्णय भएता पनि २०७९।०५।११ सम्म कार्यान्वयन भएको पाइएन । निर्णय कार्यान्वयनमा तदारुकता देखाउनु पर्दछ ।	
३३			**शिक्षक नियुक्ती प्रकृया** शिक्षा ऐन, २०२८ को दफा ११ (९) मा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदको लागि उमेदवार हुन नपाउने व्यवस्था छ । कार्यापालिकाको ८३ औ बैठक ०७८।११।४ को निर्णय नं. १३ अनुसार माध्यमिक तहको विज्ञान विषयको शिक्षकको पदपूर्ति गर्न श्री विद्या सिर्जनात्मक मा.वि. माङसेबुङमा ३ पटक विज्ञापन गर्दा अध्यापन अनुमति प्राप्त नभएको व्यक्तिलाई पनि परिक्षामा सामेल गराउने निर्णय भई विक्रम पोखरेललाई सामेल गराई नियुक्ती तथा पदस्थापन २०७८।११।११ नियुक्ती गरेको छ ।	
३४			**अनुगमन फरफारक** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ (२) ग ले अध्यक्ष/ प्रमुखको निर्देशनमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने तथा उपदफा २ (ङ) अनुसार संचालित आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गर्ने व्यवस्था रहेको छ । पालिकाले उपरुक्त व्यवस्था बमोजिम आयोजनाको फरफारकका लागि प्रतिवेदन तयार गरी कार्यपालिकाको बैठकमा पेश गरेको पाइएन ।	
३५			**मध्यमकालीन खर्च संरचना** पालिकाले आ व ०७७।०७८ लाई आधार वर्ष मानी आवधिक योजना ०७८।०७९-०८२।०८३ कार्यान्वयन ल्याएता पनि सो को परिमाणात्मक लक्ष्य प्रगति देखिने गरी मध्यकालीन खर्च संरचना तय गरेको छैन । परामर्शदाताबाट समष्टिगत परिमाणात्मक लक्ष्य र गन्तव्यको ढाँचा तय गरेता पनि त्यसलाई अध्यावधिक नगरेको कारण लक्ष्य र प्रगति तथा ५ वर्षे योजनाको विश्लेषण आधार रहेन । अत त्यसलाई सम्बोधन हुने गरी मध्यकालीन खर्च संरचना तय हुनु पर्दछ ।	
३६			**राजस्व सुधार कार्ययोजना** पालिकाले यो वर्ष परामर्श सेवाबाट राजस्व सुधार कार्ययोजना तयार गरेको पाइयो । मध्यकालीन खर्च संरचना तयार गर्दा तीन वर्षमा खर्च गरिने सत्र कार्यक्रम आयोजना र क्रियाकलापहरुमा प्रति इकाइ लागत सहितको खर्चको प्रक्षेपण गर्न खर्च गरिने क्षेत्रको प्राथमिकीकरण गर्न खर्चको स्रोतकव पहिचान तथा उल्लेख हुनु पर्दछ । यसका लागि राजस्व परिचालन गर्न सकिने क्षेत्रहरुको पहिचान गरी वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्न स्थानीय तहको राजस्व सुधार कार्ययोजना तय भई कार्यान्वयनको आवश्यकता रहन्छ ।यसै सन्दर्भमा कार्यालयले राजस्व सुधार कार्ययोजना २०७८ तय गरेकोमा सम्पत्ति कर संकलन बहाल विटौरी शुल्क संकलन लगायतका कार्यविधि नबनेको आन्तरिक आय संकलनका विभिन्न क्षेत्रहरु र सम्भावना पहिचान भएतापनि दर निर्धारण तथा कार्यान्वयन नभएको अवश्था रहेको छ । अत सवल आर्थिक गाँउपालिकाको लागि उक्त योजना अनुसार वार्षिक निति तथा कार्यक्रम तय तथा कार्यान्वयन गरी आन्तरिक श्रोतको पहिचान तथा अभिवृद्विका लागि पालिकाले ध्यान दिनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**स्पेशिफिकेशन नखुलाई आम्दानी** मलेनिकाले गरेको परिपत्र अनुसार आ व ०७७।७८ देखी सबै सार्वजनिक सम्पत्तिको अभिलेख PAMS मा Entry गर्नु पर्दछ । यस कार्यालयले मलेप फा. न. ४०८ कार्यालयको DPR प्रतिवेदन खातामा ०७९।०२।११ पश्चात ०७९।०३।१० सम्म आम्दानी भएका ५ थान प्रतिवेदन दाखिला देखिएता पनि खाता अनुसारको खरिद मूल्य रु ५५२५७४०।२० को PAMS मा समावेश नगरिएकाले सो सहित अन्य छुट भएमा एकिन गरी आम्दानी अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ । साथै भौ.नं.१२।०७८।०८।२२ बाट नेशनल ट्रेड इलामको वि न ३१८ तथा ३१४ बाट खरिद कम्प्युटर, प्रिन्टर लगायतका सामानको खरिद बापत रु ४२०७५०/- खर्च लेखेकोमा खरिद सामानको विल विजकमा उल्लेख भए अनुसारको specification अनुसारको आम्दानी तथा वितरण अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा उल्लेख नगरेकाले विल विजक अनुसार नै अभिलेख कायम गरी सो को प्रमाण पेश हुनु पर्ने तथा अन्य सामग्री समेत आम्दानी गर्दा तोकिएको स्पेसिफिकेशन सहित आम्दानी गर्नुपर्ने रु.	४२०,७५०
३८			**आन्तरिक लेखापरीक्षण प्रतिवेदन तर्फ** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ३३(८) र नियमावली २०७७ को नियम ८५(१)अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको कैफियत सम्वन्धमा अन्तिम लेखपरीक्षण हुनु अगावै आवस्यक प्रमाण सम्लग्न गरि फर्स्यौट गर्नु गराउनु पर्नेमा अन्तिम लेखापरीण अवधि सम्म पनि निम्न व्यहोरा फर्स्यौट भएको नदेखिएकोले नियम ८९,९० अनुसार फर्स्यौट हुनु पर्ने देखिएको छ ।	
३८.१			**अनुगमनको अभाव :** महिला लक्षित कार्यकममा गाँउपालिका स्तरीय महिला समन्वय समिति सञ्चालन कार्यविधि,२०७५ को परिच्छेद २ दफा ४ मा गठन भएको समितिको पदावधि गठन भएको मितिले तीन वर्षको हुने व्यस्था रहेको साथै सोही परिच्छेदको दफा ७ मा गाँउ कार्यपालिकाले मनोनयन गरेका पदाधिकारी तथा सदस्यहरुको कार्य सन्तोषजनक नभएको गाँउ कार्यपालिकाले ठहर गरेमा कुनै पनि पदाधिकारी तथा सदस्यहरुलाईआफ्नो पदबाट फिर्ता बोलाई बाँकी पदावधिको लागि रिक्त पदमा मनोनयन गर्न सक्ने व्यवस्था रहेको छ। यस आ.व. मा उक्त समितिबाट फरक फरक समयमा फरक फरक प्रकृतिका कार्यक्रमहरु सञ्चालन भएको पाईएकोमा समितिको पदावधि समाप्त भए नभएको सम्बन्धमा यकिन हुन नसकिएकाले सो का लागि आवश्यक प्रमाण पेश गर्नुपर्ने देखियो । साथै समितिको विविध गतिविधिहरुमा कार्यालयबाट प्रभावकारी रुपमा नियमित अनुगमन गरी अनिवार्य प्रतिवेदन पेश गर्नुपर्ने देखियो ।	
३८.२			**खरिदमा प्रतिस्प्रधा :** सार्वजनिक खरिद नियमावली,२०५३ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म व्यक्ति संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने साथै सोही ऐनको दफा ८ (२) मा प्रतिष्पर्धा सिमित हुने गरी टुक्राएर खरिद गर्न नहुने स्पष्ट व्यवस्था रहेको छ। वडा २ बाट एभोकार्डो, कागती, कफी, किवी खेती तालिम तथा विरूवा वितरण कार्यक्रममा रु ५,५०,०००।– विनियोजन भएकोमा वडा समितिबाट छुट्टा छुट्टै रुपमा टुक्रा पारेर सञ्चालन गर्ने निर्णय भई सोही बमोजिम भएको पाईयो । साथै, मूल्य अभिवृद्धि करमा दर्ता नभएका फर्महरुसँग मात्र कोटेशन माग गरेर प्रतिस्पर्धा गराईएको पाइयो, जुन उल्लेखित व्यवस्था विपरित रहेको छ । साथै विरुवा वितरण कार्यक्रममा कोटेशन माग गरिएका फर्म मध्ये प्रगतिशिल कृषि सहकारी संस्थाको सहकारी दर्ता प्रमाणपत्र नभएको साथै सुवास कृषि फर्मले तरकारी तथा च्याउ उत्पादनमा दर्ता भएकोमा उक्त फर्म प्रतिस्पर्धामा भाग लिन नपाउने देखिएकाले खरिद कार्य प्रतिष्पर्धात्मक देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३८.३			**टोल विकास संस्था गठन :** टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ अनुसार वडा कार्यालयको सहयोगीका रुपमा काम गर्ने गरी टोल विकास संस्था गठन गर्नुपर्ने कार्यविधिगत प्रावधान रहेकोमा हालसम्म यस पालिकाका वडा नं १ र ५ मा मात्र गठन गरिएकोमा सबै वार्डमा गठन गर्नुपर्ने देखिन्छ ।	
३८.४			**बिल भरपाई :** महिला लक्षित कार्यकममा यस आ.व. मा उक्त समितिबाट रु २,९४,०००।– विउ बोका खरिद गरि प्रत्येक वडामा १।१ वटा वितरण गरिएको देखिएकोमा सो को भर्पाई अनिवार्य रुपमा पेश गर्नुपर्ने साथै सार्वजनिक सम्पतिको सुरक्षा एवं संरक्षण हुने गरी सार्वजनिक हितमा कसरी प्रयोग भईरहेको छ, कति बाख्रा पालक कृषकहरु लाभान्वित भएका छन् सो को यथार्थ अवश्था चित्रण हुने गरी कार्यालयबाट अनुगमन गरी अनिवार्य रुपमा प्रतिवेदन पेश गर्नु पर्ने देखियो । **लेखापरीक्षण प्रतिवेदन:** महिला लक्षित कार्यकममा सोही कार्यविधिको परिच्छेद ४ दफा १३ मा समितिले आफ्नो आय व्ययको सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गाँउपालिकाबाट तोकेको लेखा परीक्षकबाट लेखा परीक्षण गराई गाँउपालिकामा प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था रहेकोमा सो गरेको नदेखिएकाले समितिले गाँउपालिका बाहेक अन्य कुनै व्यक्ति, संस्था वा निकायबाट रकम प्राप्त गरे नगरेको यकिन गर्न सकिएन ।	
३८.५			**कार्यविधि निर्माण :** कृषि तथा पशुपालन तर्फ कृषि तथा पशुपालन साथै कृषिजन्य उत्पादन व्यवस्थापन सम्बन्धी नीति निर्माण गरी सो को कार्यान्वयन तथा अनुगमन गर्ने सम्बन्धित स्थानीय तहको काम,कर्तव्य तथा अधिकार तोकिएको छ । विगतका आ.व. बाट नै उल्लेखित कार्यक्रमहरुका लागि शीर्षकगत रुपमा गाँउपालिकाले लागत सहभागिताका आधारमा विभिन्न किसिमकाअनुदान उपलब्ध गराउदै आएको देखिन्छ ।उक्त अनुदान वितरण सम्बन्धी गाँउपालिकाले कुनैपनि कार्यविधिहरु नबनाएकोले कार्यविधिगत स्पष्टता तथा अनुगमन तथा मूल्याङकन मार्फत तथ्याङ्कहरुको व्यवस्थित विश्लेषणका लागि अनिवार्य रुपमा कार्यविधि निर्माण गरी लागू गर्नु पर्ने देखियो ।	
३९			**आन्तरिक लेखापरीक्षण प्रतिवेदन तर्फ** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ३३(८) र नियमावली २०७७ को नियम ८५(१)अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याएको कैफियत सम्वन्धमा अन्तिम लेखपरीक्षण हुनु अगावै आवस्यक प्रमाण सम्लग्न गरि फर्स्यौट गर्नु गराउनु पर्नेमा अन्तिम लेखापरीण अवधि सम्म पनि निम्न व्यहोरा फर्स्यौट भएको नदेखिएकोले नियम ८९,९० अनुसार फर्स्यौट हुनु पर्ने देखिएको छ ।	
३९.१			**वार्षिक खरिद योजना :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले सो नगरेको देखिएकाले अनिवार्य रुपमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने देखिएको ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९.२			**इस्टमेट भन्दा बढी खरिद :** पालिकाले गो.भौ.नं ९९ र मिति २०७८।१२।१५ वाट पाँचपाते खानेपानी योजनामा विनियोजित रकम रु १,५०,०००।– को काम गराउदा कामको लागत अनुमान, नापी किताब, ठेक्का सम्बन्धी बिल, कार्य सम्पन्न प्रतिवेदन लगायतका प्राविधिक इस्टमेट तथा प्रतिवेदनमा ४८९ मिटर मात्र पाइप खरिद गर्नुपर्ने उल्लेख भएको साथै ढुवानी रकम कतै उल्लेख नभएकोमा योजना कार्यान्वियन गर्दा ९०० मिटर पाइप खरिद र ढुवानी भर्पाई समेत पेश गरि रु. ४९४२१।- अनावस्यक खर्च लेखेकोले उक्त रकम असुल गर्नुपर्ने रु.	४९,४२१
३९.३			**विलको आधिकारिकता :** मूल्य अभिवृद्धि कर नियमावली, २०६४ को ५(क) बमोजिमको ढाँचामा कर विजक हुनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गो.भौ.नं र मिति ७०।२०७८।१२।०७ वाट माथिल्लो साठी घुमाउने र बाँसबोटे कुलो मर्मतको लागि रु २,५०,०००।– बजेट व्यवस्था भएकोमा योजना कार्यान्वियन गर्दा माता पाथिभरा इन्टरप्राइजेज बाट बिजक नम्बर नभएका बिलबाट रु. ५२९९७/- को सामग्री खरिद गरेको र विलको आधिकारिक आधिकारिकता पुष्टी गर्न नसकेको हुँदा उक्त रकम असुल गर्नुपर्ने रु.	५२,९९७
३९.४			**गुणस्तर परीक्षण :** गुणस्तरीय निर्माण कार्य गर्नका लागि निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्रीहरुको ल्याव परीक्षण गरी उपयुक्त सामग्रीहरु मात्र प्रयोग गर्नु पर्दछ । कार्यालयबाट सञ्चालित निर्माण कार्यहरुको गुणस्तर परीक्षण गराउने गरेको देखिएन । गाँउपालिकाबाट सञ्चालित निर्माण कार्यहरुको अनिवार्य गुणस्तर परीक्षण गरी गुणस्तरीय निर्माण कार्य सम्पादन भएको सुनिश्चित हुनुपर्ने देखियो ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार सार्वजनिक निकायले खरिद गरेका सामग्रीहरु अनिवार्य रुपमा गुणस्तर परीक्षण गरेर जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको नदेखिएकाले सो अनिवार्य रुपमा गर्नुपर्ने देखियो ।	
३९.५			**मर्मत संभार अभिलेख :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६ अनुसार कार्यालयको स्वामित्वमा रहेका चल्ती मेशिन र सवारी साधनको मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी मर्मत सम्भार भएको अभिलेख मर्मत सम्भार अभिलेख खातामा अध्यावधिक गरी राख्नु पर्दछ । कार्यालयले सवारी साधन तथा ल्यापटप कमप्युटर प्रिन्टर लगायतका मेशिनरी सामानको मर्मत गर्दा लागत अनुमान स्वीकृत नगरेको साथै सो को अभिलेख मर्मत सम्भार अभिलेख खातामा चढाउने गरेको नदेखिएकोले अध्यावधिक गर्नुपर्ने देखिएको छ।	
४०			**सभा सञ्चालन खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष गाउँ सभा सञ्चालन गर्दा भत्ता वितरण बाहेक छाता, ब्याग रेनकोट लगायतको सामग्री वितरण गर्न रु. २६९२२२/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>अनुत्पादक वितरणमुखी खर्च
स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका वितरणमुखी कार्यक्रमहरु सञ्चालन बापत रु. १७०९६३५/- खर्च गरेको छ । पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ ।
<table>
<tr><th>गो भौ नं.</th><th>कार्यक्रम</th><th>खर्च</th></tr>
<tr><td>६४</td><td>खेलकुद प्रवर्द्धन कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td>६७</td><td>मातृभाषा घोषणा वार्षिक उत्सव कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td>२२६</td><td>चलचित्र महोत्सव सञ्चालन</td><td>५००००</td></tr>
<tr><td>२४२</td><td>खेलकुद विकास कार्यक्रम</td><td>१०००००</td></tr>
<tr><td>२४९</td><td>खेलकुद विकास कार्यक्रम</td><td>३३९८१०</td></tr>
<tr><td>२५०</td><td>खेलकुद विकास कार्यक्रम</td><td>३१९८२५</td></tr>
<tr><td>२६४</td><td>आत्मानन्द कप र पवित्रहाङमा कप प्रतियोगिता सञ्चालन</td><td>३०००००</td></tr>
<tr><td>३८९</td><td>खेलकुद विकास कार्यक्रम</td><td>२५००००</td></tr>
<tr><td>८८</td><td>नुमा राई जिताउ कार्यक्रम</td><td>५००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७०९६३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>संघीय समपुरक कार्यक्रमतर्फ
यो वर्ष पालिकालाई संघीय समपुरक कोष मार्फत देउमाई फाकफोक दोभान नवालुङ देउराली हुलाक सडक स्तरोन्नती कार्यको लागि रु ४२,००,०००।– रकम निकासा भएको छ । पालिकाले उक्त सडक निर्माणमा गरेको खर्चको परीक्षणमा निम्न व्यहोरा देखिएका छन्:</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.१			समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को दफा १२ मा सञ्चालित कार्यक्रमको स्थानीय तहले नियमित अनुगमन गरी सम्वन्धित मन्त्रालय योजना आयोग सम्बन्धित जिल्ला समन्वय समितिमा अनुसूचि २ को ढाँचामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेकोमा सो अनुसार अनुगमन तथा प्रतिवेदन भएको देखिएन ।यसवाट अनुगमन प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन भएको नदेखिएकोले यसमा सुधार हुनु पर्दछ । संघीय समपुरक अनुदानको रकमबाट सम्पन्न गरिने कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था समपूरक अनुदान सम्वन्धी कार्यविधि ,२०७५ को दफा ९(२) ले गरेको छ । पालिकाको समपुरक कोषबाट खर्च लेख्ने गरी फाकफोक दोभान नावालुङ देउराली हुलाक सडक स्तरोन्नती कार्यको लागत स्टिमेट ६,६०,१२३.६० स्वीकृत गरी सो कार्य उपभोक्ता समितिबाट गराएर रु ६,००,०००.०० खर्च भुक्तानी गरेको छ । कार्यविधिको व्यवस्था विपरित कार्यपालिका निर्णय गरी उपभोक्ता समिति मार्फत कार्य गराएर भुक्तानी गरेको खर्च नियम सम्मत नदेखिएकोले खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित हुनु पर्ने देखिएको रु.	६००,०००
४२.२			संघीय समपूरक अनुदान सम्वन्धी कार्यविधि ,२०७५ को दफा ६(१) अनुसार आयोजनाको कुल लागतको अधिकतम ५० प्रतिशत संघीय समपूरक कोषवाट र ५० प्रतिशत पालिकाको समपूरक कोषवाट व्यहोर्ने गरि सहभागितात्मक लागतमा कार्यक्रम सम्पन्न गर्नु पर्ने उल्लेख छ । यो वर्ष पालिकालाई संघीय समपुरक कोषबाट फाकफोक दोभान नावालुङ देउराली हुलाक सडक स्तरोन्नती कार्यको लागि रु ४२ लाख बजेट निकासा भएकोमा पालिकाले उक्त सडकमा पटक पटक ठेक्का तथा उपभोक्तावाट काम गराई रु ८१,३३,२८३.६६।– खर्च लेखेको छ । कार्यविधिको व्यवस्था अनुसार पालिकाले संघीय तर्फको ५० र पालिका तर्फको ५० प्रतिशत सहभागितामा कार्यक्रम सम्पन्न गर्नु पर्ने हुन्छ । जस अनुसार पालिकाले ५० प्रतशतले हुन आउने रकम रु ४०,६६,६४१.८३।– संघीय समपुरक कोषबाट खर्च गरि वाँकी रकम रु १३३३५८.१७ संघीय संचित कोषमा फिर्ता गर्नु पर्नेमा सो गरेको नदेखिएकाले बाँकी रकम संघीय सञ्चित कोष फिर्ता हुनुपर्ने रु.	१३३,३५८.१७

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.३</td><td></td><td></td><td>रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले विभिन्न निर्माण व्यवसायीको ठेक्का कारोवारमा वीमा प्रिमियम रकम भुक्तानी गर्दा व्यवसायीको नियम पूर्ककको कर वीजक बेगर देहाय अनुसारका निर्माण व्यसायीलाई वीमा शुल्क रसिदको आधारमा सोझै भुक्तानी गरेको देखियो । यसवाट व्यवसायीको वास्तविक कारोवारको प्रतिनिधित्व हुन सक्ने अवस्था नरहने हुंदा विमा प्रिमियम शुल्क समेत समावेश भएको व्यवसायीको कर विजकको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>निर्माण व्यवसायीको नाम</th><th>मु अक दर्ता नं</th><th>ठेक्का नं</th><th>विजकमा सममावेश नभएको वीमा प्रिमियम रकम</th></tr>
<tr><td>६०।०७९।३।२५</td><td>नामलाक निर्माण सेवा</td><td>६००९७१६९४</td><td>एनसिवि ७।०७८।७९</td><td>१७३०१.१२</td></tr>
<tr><td>२३।२०७९।१।७</td><td>देउमाई निर्माण सेवा</td><td>६००००१०३०</td><td>एनसिवि २।०७८।७९</td><td>५९,८७६.८६</td></tr>
<tr><td>५८।०७९।३।२५</td><td>नामलाक निर्माण सेवा</td><td>६००९७१६९४</td><td>शिलवन्दी दरभाउ २।०७८।७९</td><td>१९,९९६.५४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९७१७४.५२</td></tr>
</table>
</td><td>९७,१७४.५२</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>प्रदेश समपुरक कोष तर्फ
लेखापरीक्षण योजना तथा कार्यक्रम अनुसार प्रदेश समपुरक कोष शिषर्कमा भएको कारोवारको लेखापरीक्षणमा निम्न व्यहोरा देखिएकोले परीक्षणमा नपरेका अन्य कारोवारमा समेत पालिकाले एकिन गरी कारोवारलाई यथार्थपरक वनाउन पर्ने देखियो ।</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>१) स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ८४(२) ग र ङ अनुसार पालिकाले सन्चालन गरेका योजनाहरु प्रमुख प्रशासकिय अधिकृत मार्फत कार्यपालिकामा पेश भई फरफारक हुनु पर्नेमा कुनै पनि आयोजना यो प्रकृया पुरा गरि कार्यपालिका बाट जाँचपास तथा फरफारक भएको देखिएन। पालिकावाट सन्चालित योजनाहरु कार्यपालिकामा पेश भई फरफारक हुनु पर्दछ ।
२) प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा १२(१) समपुरक अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन स्थानीय तहको उपाध्यक्षको अध्यक्षतामा गठित समितिले अनुगमन गरी सोको प्रतिवेदन पेश हुनु पर्ने व्यवस्था भएतापनि उक्त समिति गठन गरि अनुगमन भएको नदेखिएकाले नियमको पालना हुनु पर्ने देखियो ।
३) प्रदेश समपुरक अनुदानको रकमबाट सम्पन्न गरिने कार्य उपभोक्ता समितिबाट गराउन नहुने व्यवस्था प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि ,२०७५ को दफा ९(२)ले गरेको छ । पालिकाको समपुरक कोषबाट खर्च लेख्ने गरी तामाखोला भोटेडाँडा सडक स्तरोन्नती कार्यको लागत स्टिमेट २७,०६,०८१।८४ स्वीकृत गरि सो कार्य कायपालिका निर्णय बमोजिम उपभोक्ता समितिबाट गराएर रु २२,५०,०००।– खर्च कायम गरि भुक्तानी हुन वाँकीमा देखाएको छ । कार्यविधिको व्यवस्था विपरित उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी बाँकीको विवरणमा देखाएको यस्तो खर्च नियम सम्मत नदेखिएकोले खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित हुनु पर्ने देखिएको रु.</td><td>२,२५०,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३.२			प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि ,२०७५ को दफा ४ अनुसार आयोजनाको कुल लागतको ७० प्रतिशत प्रदेश समपूरक कोषवाट र ३० प्रतिशत पालिकाको समपूरक कोषवाट व्यहोर्ने गरि सहभागितात्मक लागतमा कार्यक्रम सम्पन्न गर्नु पर्ने उल्लेख छ । यो वर्ष पालिकालाई प्रदेश समपुरक कोषबाट विपि मार्ग निर्माण र तामाखोला चिहान डाँडा भोटेडाँडा सडक निर्माणका लागि रु १ करोड बजेट निकासा भएकोमा पालिकाले उक्त दुई सडकमा पटक पटक ठेक्का लगाई प्रदेश तर्फको रु ९२,४८,७८०।– खर्च लेखेको छ । उक्त व्यवस्था अनुसार पालिकाले प्रदेश तर्फको ७० र पालिका तर्फको ३० प्रतिशत सहभागितामा कार्यक्रम सम्पन्न गर्नु पर्ने हुन्छ । जस अनुसार पालिकाले ३० प्रतशत हुन आउने रकम रु ३९,६३,७६३।– समपुरक कोषबाट खर्च गर्नु पर्नेमा यो वर्ष रु १२,२०,७२३।– को कार्य ठेक्काबाट र २२,५०,०००।– को कार्य उपभोक्ता समितिबाट गराई जम्मा रु ३४,७०,७२३।– खर्च गरेकोमा चालु आ.व. मा भुक्तानी वाँकीको विवरण अनुसार रु २२,५०,०००। खर्च लेखेको देखियो ।पालिकाले गरेको खर्च रकम रु ३४,७०,७२३।– र प्रदेश समपुरकवाट भएको खर्च रु ९२,४८,७८०।– समेत रु १,२७,१९,५०३। खर्च भएकोले यसबाट पालिकाले तोकिएको सिमा भन्दा कम खर्च गरेको देखिन्छ । प्रदेश समपूरक कोषवाट रु ८९,०३,६५२।- मात्र खर्च हुने र बाँकी रकम रु १०,९६,३४७।– फिर्ता गर्नु पर्नेमा रु ७,५१,२२०।– मात्र लेखापरीक्षणको क्रममा फिर्ता गरेको देखिएकाले बाँकी रकम प्रदेश सञ्चित कोष फिर्ता हुनुपर्ने रु.	३४५,१२८
४३.३			रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर यस गाउँपालिकाले विभिन्न निर्माण व्यवसायीको ठेक्का कारोवारमा वीमा प्रिमियम रकम भुक्तानी गर्दा व्यवसायीको नियम पूर्कको कर वीजक बेगर देहाय अनुसारका निर्माण व्यसायीलाई वीमा शुल्क रसिदको आधारमा सोझै भुक्तानी गरेको देखियो । यसवाट व्यवसायीको वास्तविक कारोवारको प्रतिनिधित्व हुन सक्ने अवस्था नरहने हुंदा विमा प्रिमियम शुल्क समेत समावेश भएको व्यवसायीको कर विजकको प्रमाण पेश हुनुपर्ने रु.	५९,७३५.५५
४४			**ठेक्का व्यवस्थापन**	

गोभौनं./मिति	निर्माण व्यवसायीको नाम	मु अक दर्ता नं	ठेक्का नं	विजकमा सममावेश नभएको वीमा प्रिमियम रकम
३।०७९।२।५	गजुरमुखिमाई निर्माण सेवा दमक	६०६८७८७५१	एनसिवि ४।०७८।७९	१४८४४.६३
११।२०७९।३।२४	थपरा फुङ कन्सट्रक्सन प्रा.लि	६०९७११३७२	एनसिवि ९।०७८।७९	४४,८९०.९२
	जम्मा			५९,७३५.५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४.१			**ठेक्का नं. NCB ३।२०७८:** पालिकाले प्रदेश समपुरक अनुदानबाट NCB ३।२०७८।०७९ बिपि मार्ग निर्माण कार्य निर्माण व्यवसायी जानुका बिल्डर्स प्रा.लि. इलामबाट सम्पन्न गराई रु ३३,९१,४०४।– को कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको छ । २०७८।०८।०२ मा सम्झौता र कार्यादेश भएको यो ठेक्काको म्याद २०७९।०१।३१ रहेकोमा २०७९।०२। २३ मा मात्र कार्य सम्पन्न भई पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी भुक्तानी गरेकोमा निर्माण व्यवसायी कोष नियमावली २०५६ अनुसार सम्झौता रकम रु ३४,८१,४४०।७२ को सून्य दशमलव १० प्रतिशतले हुने रकम उक्त कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले उक्त रकम कोषमा दाखिला गरेको प्रमाण बेगर कट्टा नगरी भुक्तानी गरिएकोले उक्त रकम कोषमा दाखिला भएको प्रमाण पेश गर्ने रु. १) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा बढीको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण स्थलको कार्य जिम्मा लिएपछि हस्तान्तरण प्रमाणपत्र जारी हुने दिन सम्मको खरिद सम्झौताको बिमा गराउनु पर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यमा वीमाकोलागि प्रोभिजिनल रुपमा रु ५०,०००.०० बजेट व्यवस्था भएतापनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा गराएको देखिएन।उक्त कार्यको जोखिम बहन गर्ने गरी निर्माण व्यवसायीलाई नियमको पालना गराउन कार्यालयले आवश्यक पहल नगरेको देखियो ।	३,४८१
४४.२			**ठेक्का नं. NCB ४।०७८।०७९:** पालिकाले प्रदेश समपुरक अनुदानबाट NCB ४।०७८।०७९ को ठेक्का मार्फत तामाखोला चिहानडाँडा भोटेडाँडा स्तरोन्नती कार्य निर्माण व्यवसायी गजुरमुखी माई निर्माण सेवा कम्पनी दमकद्वारा निर्माण गराई २०७८ मंसिर १० को सम्झौता र कार्यादेश अनुसार २०७९।०१।३० को म्याद भित्र कार्य स्वीकार प्रतिवेदन तयार गरी २०७९।०२।०५ मा निर्माण व्यवसायीको अन्तिम बिल र प्रतिवेदन अनुसार रु २२,९६,५०२।– भुक्तानी गरेकोमा उक्त भुक्तानीमा निम्न व्यहोरा देखिएका छन् : १) स्वीकृत लागत अनुमानमा ६४.०३ प्रतिशत घटिमै ठेक्का स्वीकृत भई निर्माण कार्य सम्पन्न भएको देखिदा स्वीकृत लागत अनुमानको यथार्थता र कामको गुणस्तरीयतामा आस्वस्त हुन सकिएन । २) सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ र सम्झौता अनुसार मर्मत सम्भार अवधि भन्दा १ महिना बढी अवधिको रु १७,०९,०९०।– को कार्य सम्पादन जमानत पेश हुनुपर्ने मा २०७९।०८।०५ सम्मको मात्र गरी सोही आधारमा सम्झौता गरेकाले मर्मत सम्भार अवधि २०८०।०१।१० सम्मको म्याद भएको कार्य सम्पादन वैंक जमानत पेश हुनु पर्ने रु. ३) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा बढीको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण स्थलको कार्य जिम्मा लिएपछि हस्तान्तरण प्रमाणपत्र जारी हुने दिन सम्मको खरिद सम्झौताको बिमा गराउनु पर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यमा वीमाकोलागि प्रोभिजिनल रुपमा बजेट व्यवस्था भएतापनि निर्माण व्यवसायीले मात्र १८ दिन सन् २०२२।०४।२६ देखि २०२२।०५।१३ सम्मको बिमा गराई रु १४,८४४।६३ भुक्तानी लिएको छ । यसबाट उक्त कार्यको जोखिम बहन गर्ने गरी निर्माण व्यवसायीलाई नियमको पालना गराउन कार्यालयले आवश्यक पहल नगरेको देखियो । ४) निर्माण व्यवसायी कोष नियमावली २०५६ अनुसार निर्माण व्यवसायीले ठेक्का सम्झौता अनुसारको रकममा सून्य दशमलव १० प्रतिशतले हुने रकम उक्त कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएतापनि पालिकाले उक्त रकम कोषमा दाखिला गरेको प्रमाण बेगर कट्टा नगरी भुक्तानी गरिएकोले सम्झौता रकम रु २३,३६,६५७।– को सून्य दशमलव १० प्रतिशतले हुन आउने रकम दाखिलाको प्रमाण पेश गर्ने रु.	१,७११,४२७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४.३			**ठेक्का नं. NCB ९।०७८।०७९:** तामाखोला चिहान डाँडा सडक स्तरोन्नती कार्यका लागि निर्माण व्यवसायी थपरा फुङ कन्स्ट्रक्सन प्रा लि सँग २०७९।०२।०९ को सम्झौता तथा कार्यदेश अनुसार २०७९।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी सुरु लगत स्टिमेट रु ४१६२९५६।७३ भएको निर्माण कार्यको लागि रु १९५२३८७।१२ मुअकर सहितको सम्झौता भएकोमा २०७९।०३।१४ मै उक्त कार्य सम्पन्न गरी सोही अनुसार कार्य स्वीकार प्रतिवेदन तयार गरी भौ. नं ११,३।२४ बाट रु १९,५२,२७८।– खर्च लेखेकोमा देखिएका व्यहोरा निम्न छन् : १) निर्माण व्यवसायी कोष नियमावली २०५६ अनुसारको सम्झौताद रकम रु १९,५२,३८७।१२ को सून्य दशमलव १० प्रतिशतले हुने रकम दाखिला प्रमाण पेश नभएको रु. २) निर्माण व्यवसायीले जारि गरेको कर बिजक अनुसार रु १९,०७,९८७।१२ भुक्तानी भएकोमा निजले बिमा प्रिमियम बापतको रकम रु ४४,८९१ उक्त बिजकमा समावेश नगरी भुक्तानी लिएको देखिएकाले सोको कर बिजक जारी हुनु पर्ने रु.	४६,८४३
४४.४			**ठेक्का नं. NCB ८,०७८।०७९:** वि .पि. मार्ग निर्माण हस्टे कुसुण्डे खण्डमा निर्माण व्यवसायी जानुका विल्डर्सले उक्त कार्य गर्न मू अ कर सहितको लगत स्टिमेट २९,४१,७७३।६७ भएकोमा २८,८४,९६७।१० मा ठेक्का स्वीकार गरी तोकिएको म्याद भन्दा ११ दिन ढिलाईमा कार्य सम्पन्न गरी सो बापत रु २८,४४,९६७।१० माग दाबी गरेकोमा प्रदेश समपुरकबाट रु १६,०८,५९६।– र गा पा समपुरक बाट रु १२,२०,७२३।– समेत हुने रु २८,२९,३१९।-मा रु १५,६४८ जरिवना कट्टा गरी खर्च लेखेकोमा देखिएका व्यहोरा निम्न छन् : १) निर्माण व्यवसायी कोष नियमावली २०५६ अनुसारको सम्झौताद रकम रु १९,५२,३८७।१२ को सून्य दशमलव १० प्रतिशतले हुने रकमको दाखिला प्रमाण पेश नभएको रु. २) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार रु २० लाख भन्दा बढीको निर्माण कार्य गर्दा निर्माण व्यवसायीले निर्माण स्थलको कार्य जिम्मा लिएपछि हस्तान्तरण प्रमाणपत्र जारी हुने दिन सम्मको खरिद सम्झौताको बिमा गराउनु पर्ने व्यवस्था रहेको छ । यस निर्माण कार्यमा वीमाकोलागि प्रोभिजिनल रुपमा रु ४०,०००.०० बजेट व्यवस्था भएतापनि निर्माण व्यवसायीले उक्त ठेक्काको बिमा गराएको देखिएन।उक्त कार्यको जोखिम बहन गर्ने गरी निर्माण व्यवसायीलाई नियमको पालना गराउन कार्यालयले आवश्यक पहल नगरेको देखियो । ३) अन्य निर्माण कार्यको ठेक्कामा पर्याप्त प्रतिष्पर्धा भएतापनि यस ठेक्कामा एक मात्र बोलपत्र परेको छ र सो मा १.९३ प्रतिशत मात्र घटेको देखिदा पर्याप्त प्रतिष्पर्धा भएको देखिएन ।	२,८५४
४५			**साना सिंचाई कार्यक्रम तर्फ**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.१	विभिन्न		**मर्मत संभार कोष :** यस वर्ष साना सिंचाई कार्यक्रमको लागि संघीय सरकारबाट रू. २ करोड व्यवस्था भइको देखियो । साबिकका चार क्रमागत आयोजना र यस बर्ष संचालनमा आएका ५ नयाँ आयोजना गरी कुल ९ आयोजना संचालनामा रहेकोमा यो बर्ष ५ आयोजना सम्पन्न भई ४ क्रमागतमै रहेका छन् । यस कार्यक्रममा कुल लागतमा उपभोक्ता, स्थानिय सरकार, प्रदेश सरकार, सघिय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमश १० ,२०, २०, २० र ३० प्रतिशत रहेको मा यस कार्यक्रममा सहयोगि वा साझेदार संस्थाबाट पुरा गर्नु पर्ने विवरणको २ न मा योजनाको निर्माण लागतको कम्तीमा १ प्रतिशत रकम मर्मत तथा संभारका लागि अग्रीम नगदको रूपमा उपभोक्ता संस्थाले सम्झौता गर्नु अगावै जम्मा गर्नु पर्ने व्यवस्था गरेको पाईयो । साठी तल्लो सिचाई जल उपभोक्ता संस्थाले मिति २०७८/९/२६ मा सम्झौता गर्दा आयोजनाको कुल लागत ६४२४३०३.८६ को हुने ६४२४३. को जम्मा प्रमाण बेगर सम्झौता गरेको देखियो । यस्तै व्यहोरा अन्य आयोजनाहरुको पनि रहेकोले सवै आयोजनाको मर्मत संभार कोषमा दाखिखला भएको प्रमाण पेश हुनु पर्ने रु.	५४१,८५५.३१

सिन	नाम	सम्झौता मिति	सम्झौता मिति	१ प्रतिशत	कुल लागत
१	साठी तल्लो सिचाई जल उस	९/२६/२०७८	३/२५/२०७९	६४२४३.०४	६४२४३०३.८६
२	तिन घरे जल उस	९/१२/२०७८	३/२५/२०७९	५२८२८.५६	५२८२८५५.७३
३	लालेखोला सिरूटार सिचाई जल उस	९/२५/२०७८	३/२५/२०७९	४१६५२.३१	४१६५२३०.७८
४	रतुवा चिण्डे ठुलो बेसी जल उस	९/१२/२०७७	३/२५/२०७९	२७१६८.६	२७१६८५९.६७
५	मुल कुलो सिचाई जल उस	१०/५/२०७८	३/२५/२०७९	८७१३८.१३	८७१३८१३.१२
६	बयरबोटे सिचाई जल उस	१२/९/२०७८	३/२५/२०७९	३७३५७.०४	३७३५७०४.३२
७	हाङमायाक सिचाई जल उस	१०/५/२०७८	३/२५/२०७९	९९०५१.९५	९९०५१९५.२०
८	कटहरे जल उस	६/१९/२०७८	३/२५/२०७९	५६९४१.७३	५६९४१७३.२६
९	फेवा कुलो जल उस	१२/२३/२०७७	३/२५/२०७९	७५४७३.९५	७५४७३९५
	जम्मा			५४१८५५	५४१८५५३०.९४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.२	विभिन्न		सम्झौताको खण्ड ग को देहायमा योजनालाई आवश्यक निर्माण समाग्रीहरू खरिद गर्दा कम्तीमा ३ वटा दरभाउ पत्र मार्फत समयमै खरिद गर्नु पर्ने र यसका लागि परामर्श दाताको सहयोगहुने व्यवस्था रहेकोमा यसको पालना नभएको अवस्थामा समेत परामर्शदाता र गाउँपालिका बाट भुक्तानीका लागि सिफारिस गरेको देखियो । यस कार्यक्रमको मालबस्तु खरिदमा सम्झौताको पालना भएको नदेखिएकोले सम्वद्ध पक्षलाई जिम्मेवार वनाई उक्त खर्च नियमित हुनु पर्दछ ।	

क्रम	योजनाको नाम	समाग्री	खरिद मुल्य
१	साठी तल्लो सिचाई जल उस	सम्पन्न निर्माण समान	४१७४४४८
२	कटहरे सिचाई जल उस	प्रथम रिनिङ बिल	२९३१७३६
३	फेवा खोला सिचाई जल उस	प्रथम रिनिङ बिल	३७८८२०१
४	हाङमायाक सिचाई जल उस	प्रथम रिनिङ बिल	४२३७६१२
५	मुल कुलो सिचाई जल उस	प्रथम रिनिङ बिल	२०७३०८९
६	बयरबोटे सिचाई जल उस	अन्तिम रनिङ बिल	५५८८४३
७	तिनघरे सिचाई जल उस	अन्तिम रनिङ बिल	१२७७२०८
८	लाले खोला सिरुटार सिचाई योजना	अन्तिम रनिङ बिल	२०९३६९३
९	रतुवा चिण्डे ठुलोवेशी सिचाई जल उस	अन्तिम रनिङ बिल	१७९१९२६
	जम्मा		२२९२६७५६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५.३	विभिन्न		साझेदारी लगानी आयोजनामा खर्च गर्दा संझौतामा उल्लेखित अनुपात अनुसारको श्रोतवाट खर्च लेख्नु पर्दछ । यस कार्यक्रममा कुल लागतमा उपभोक्ता, स्थानिय सरकार, प्रदेश सरकार, सघिय सरकार तथा स्वीस सरकारको सहभागिता क्रमश १० ,२०, २०, २० र ३० प्रतिशत रहेको मा संझौता अनुसार गर्नु पर्ने खर्च अनुपातमा स्वीस श्रोतवाट हुनु पर्नेमा अन्य श्रोतवाट १३,०४,०७८ खर्च गेको देखियो । उक्त खर्चको श्रोतगत खर्च हिसाव मिलान गरि सोको प्रमाण पेश गर्नु पर्ने देखिएको निम्नानुसारको रु .	१,३०४,०७८

क्र.स	खर्च विवरण	खर्च गरेको प्रतिशत	रकम
१	आयोजनाको कुल लागत	१००	५४१८५५३०.९४
२	उपभोक्ता समितिवाट हुने सहभागिता	१२.२१	४१८६२६७.८२
३	संघीय सरकार	१९.४१	६६५६३९९.
४	स्वीस	२६.२	८९८४८११.
५	प्रदेश सरकार	१९.२५	६६०१०००.
६	स्थानीय तह	२२.९४	७८६७८१६.९
७	हाल सम्मको जम्मा खर्च	१००	३४२९६२९५.७२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६			**विद्युत विस्तारमा उपभोक्ता समिति** श्रममूलक तथा रोजगार वृद्धि गर्ने कार्यमा उपभोक्ता समितिलाई काममा सहभागी बनाउनु पर्दछ । पालिकाले यो वर्ष उपभोक्ता समिति मार्फत निम्न ४ विद्युत विस्तार आयोजनाको कार्य उ स मार्फत सम्पन्न गरेको भनी रु २८००००० अनुदान खर्च लेखेको छ । आर्थिक वर्षको अन्त्य तिर एक हप्ता भित्रमा नै कार्य सम्पन्न देखाइएको उक्त आयोजनाको सामग्रीको लागत अनुमानमना पालिकाको तथा विद्युतको कर्मचारीको सहभागिता रहेको छ । लागत अनुमान अनुसार खरिद भएका सामग्रीको गुणस्तर प्रमाणित भएको छैन । असार ११ मा इटहरि बाट चलान भएका विद्युत पोल लगायतका सामानको निर्माण कार्य असार १२ मै सम्पन्न भएको व्यहोरा अनुगमन समितिले उल्लेख गरेको देखियो । श्रेस्ता साथ रहेको फोटोहरुबाट कतै ति सामग्री जडान भईरहेको कतै यत्रतत्र चौर र बाटोमा रहेकव अवश्था पनि श्रेस्ताबाट देखियो । यसरी पेश भएका श्रेस्ताबाट उल्लेखित समयमा कार्य सम्पन्न असम्भव देखिएकोमा पनि सम्पन्न प्रमाण बनेकोमा कार्य सम्पन्न भउकोमा आस्वस्त हुन सकिएन ।विद्युतिय जडान कार्य उच्च जोखिमयुक्त कार्य भएको तथा यसका गुणस्तरीय सामानको बारेमा उपभोक्ता समिति सदस्यको सक्षमता यकिन नभएको अवश्थामा यस्तो कार्य उपभवक्ता समितिबाट गराउनु जोखिमयुक्त हुदै पनि पालिकाले निर्णय गरी खर्च गरेको छ । जुन उपभोक्ता समितिबाट कार्य गराउने उद्देश्य विपरित रहेको छ ।	

क्र स	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
१	लामिडाँडा विद्युत विस्तार उ स वडा १	१४४१२१६
२	वडास्तरीय विद्युत विस्तार उस वडा ३	६००३९२
३	खुन्द्रुका विद्युत विस्तार उ स वडा ३	६००७३२
४	भोटेडाँडा रक्से विद्युत विस्तार उ स वडा ६	८१५८६०
	जम्मा:	३४५८१५६

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७			**उपभोक्ता तथा लाभग्राही बाट हुने कामको अवस्था** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने वा लाभग्राही समुदायलाई सहभागि गराउने भएमा त्यस्तो वर्गलाई तोकिए बमोजिमको कार्यविधि पुरा गरी काम गराउने वा सेवा लिने व्यवस्था रहेकोमा यस पालिकाले विभिन्न निर्माण कार्यमा २० प्रतिशत जनसहभागिता र ८० प्रतिशत मेशिनरी प्रयोग भएको काम सो वर्गबाट गराएको देखियो । यसरी अति न्युन जनसहभागितामा कार्य गराउदा उपभोक्ता लाभग्राही समुदायबाट काम गराउने आशय र उद्देश्य अनुसारको खर्च प्रणालीको कार्यान्वयन भएको देखिएन । यसका केही उदाहरणहरु निम्न छन् :	

गो.भौ.नं र मिति	वडा.नं	उपभोक्ता समितिको नाम	लागत अनुमान	कार्यालयको सहभागिता	उपभोक्ता समितिको सहभागिता	मेशिनरी उपयोगमा खर्च
६,०७८।०८।०९	१	सडक मर्मत उस	६००६००	५०००००	१००६००	५०००००
९,०७८।०८।२२	३	भोटेटार केराबारी मोटर बाटो	२६५०७१	२२००००	४५०७१.४४	२२०६०६
११,०७८।०८।२२	१	सदामखोप बरभञ्ज्याङ सडक स्तरोन्नती	५४१९३३	४५००००	९६००	४५१७४०
१५,०७८।०९।१२	४	चारपैरे सिमलटार अजिङगरे सडक मर्मत	३६०१७३	३०००००	६०१७३	३०००००
२५,०७८।११।०१	६	मावा विरमाने खुन्द्रुका कृषि सडक निर्माण	३६०३६४	३०००००	६०३६४	३०००००
१८,०७८।०९।२१	५	वडास्तरीय सडक मर्मत	१०२०१४५	८५००००	१७०१४५	८५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८	विभिन्न		**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिद गर्दा तोकिएनुसार लागत अनुमान तयार गरी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र १(ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । त्यसैगरी मालसामान खरिद गर्दा स्पेशिफिकेशन स्वीकृत गरी मात्र गर्नुपर्नेमा सो अनुसार नगरी एकै प्रकृतिको सामग्री पटक पटक गरी एउटै फर्म समेतबाट खरिद गर्ने गरेको पाइयो । यस सम्बन्धमा नमुना परीक्षण गर्दा पालिकाले तपसिलको खरिद कार्य ऐनमा तोकिएनुसार लागत अनुमान तयार नगरेको, स्पेशिफिकेशन तयार नगरेको र एकै प्रकृतिको सामान पटक पटक गरी र एकै फर्मबाट एक वर्षमा एक पटक भन्दा बढी सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको रु.	२,४४९,७७६

भौ.नं. र मिति	खरिद सामग्री	भुक्तानी पाउने	खरिद रकम
४७-०७८।११।११	फर्निचर	शुभ लक्ष्मी फर्निचर उद्योग	४५६०६२
१७३-०७९।२।१३	फर्निचर	सन्तोष स्टिल फर्निचर	३७१२०५
१६६-०७९।२।११	फर्निचर	शुभ लक्ष्मी फर्निचर उद्योग	८७०१०
२८४-०७९।३।२४	फर्निचर	सन्तोष स्टिल फर्निचर	३८१९४०
२९३-०७९।३।२५	ल्यापटप	भैरव इन्टरनेशनल	५९८८०९
१२-०७८।८।२२	ल्यापटप प्रिन्टर	नेशनल ट्रेड	४२०७५०
१३३-०७९।१।१४	ल्यापटप प्रिन्टर	भैरव इन्टरनेशनल	१३४०००
	जम्मा		२४४९७७६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**खरिदको आवश्यकता** कार्यालयले सामग्री खरिद गर्दा वास्तविक आवश्यक्ताको आधारमा खरिद गरी त्यसरी खरिद भएको सामग्रीको समुचित प्रयोग गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष लक्षित वर्गको लागी भनी ६० थान विद्युतिय चुलो मुनाल बायोग्यास निर्माण तथा उर्जा विकास कम्पनीबाट रु. ३३२८९८/- मा खरिद गरेकोमा लेखापरीक्षण अवधी सम्म पनि वितरण नभई जिन्सीमा मौज्दात रहेको पाइयो । यसरी सामग्री खरिद गरी लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा समेत ह्रास हुन जान्छ । तसर्थ पालिकाले वास्तविक आवश्यक्ताको आधारमा मात्र सामग्री खरिद गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गरी वितरण गर्न ध्यान पुर्याउनुपर्ने देखिएको रु.	३३२,८९८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५०			**लागत अनुमान खुलाएको** सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा मालसामान खरिदको सूचनामा लागत अनुमान अंक खुलाउनुपर्ने व्यवस्था देखिदैन । गाउँपालिकाले सोलार खरिदको दरभाउपत्रको सूचनामा लागत अनुमान अंक खुलाएको पाईयो । लागत अुमान अंक सूचनामा खुलाएको समेत कारणले लागत अनुमानकै हाराहारीमा दरभाउपत्रको कबुल अंक स्वीकृत गरी सम्झौता भएको पाइयो । मालसामान खरिदको दरभाउपत्रको सूचनामा लागत अनुमान अंक खुलाउन मिल्ने देखिदैन ।	
५१			**सोलार खरिद** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उर्जा शर्शत कार्यक्रम तथा गाउँपालिका पूँजिगत शिर्षकबाट लक्षित वर्गहरुको लागी ५० वाटको ६४ थान सौर्य घरासायी प्रणालीका मालसामान सिलबन्दी प्रकृयाबाट इलाम सोलार सर्भिस मार्फत खरिद गरी रु. १०६५८१६/- खर्च गरेको पाइयो । खरिद सम्झौताको शर्त नं १ मा पालिकाले तयार गरेको प्राविधिक स्पेसिफिकेशन बमोजिमका सौर्य घरासायी प्रणालीका मालसामान आपूर्ति, जडान तथा परिक्षण कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ । पालिकाले खरिद गरेका उक्त ६४ थान सोलार प्राविधिक स्पेसिफिकेशन बमोजिम भए नभएको तथा सो को जडानको कार्य सम्पन्न प्रतिवेदन समेत तयार नगरी उक्त सामग्रीको भुक्तानी भएको देखिएकोले खरिद भएको सोलार सामग्रीहरुको जडान तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१,०६५,८१६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**पाइप जडान** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले खरिदको सम्झौता अनुसार बिल विजकको भुक्तानी गर्दा प्राविधिकको वास्तविक कार्यसम्पन्न नापजाँच प्रतिवेदन संलग्न राखी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थान कोषबाट क्षतिग्रस्त योजनाहरुको लागी देहाय अनुसार पाईप ठेक्का मार्फत खरिद गरी रु. ३५०६७२९/- खर्च गरेको पाइयो । खरिद गरेका उक्त पाइपहरु विभिन्न ७१ वटा योजनामा प्रयोग गर्नुपर्नेमा वडा अध्यक्षहरुलाई बुझाइएको भरपाई प्राप्त भएकोले उक्त पाइपहरु योजनामा प्रयोग भएको प्राविधिक नापजाचँ र नापी किताब खुलाउनुपर्ने देखिएको रु.	३,५०६,७२९

पाइपको प्रकार	NS-२०	NS-२५	NS-३२	NS-४०	NS-५०	NS-६३	NS-७५	NS-९०	पाइप बुझिलिएको वडाअध्यक्ष
वडा १	४०००	२१००	४००	६००	५००	७३०	०	०	भुपाल योङहाङ
वडा २	४८००	१७००	०	०	७००	५००	०	३००	कृष्ण बहादुर बस्नेत
वडा ३	३३००	१२००	१९००	१०००	७५०	१५०	०	०	लक्ष्मण राई
वडा ४	२७००	१००	४००	२०००	१५००	३००	०	०	नविन लिम्बु
वडा ५	३३००	०	५५०	१०५०	०	०	२२०	०	नरेन्द्र कुमार राई
वडा ६	४१००	५१५०	१०००	०	०	०	०	०	प्रदिप साम्पाङ
कुल संख्या	२२२००	१०२५०	४२५०	४६५०	३४५०	१६८०	२२०	३००	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>रिटेन्सन मनि कट्टी नगरेको
सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) अनुसार रनिङ विल वा अन्य विजकको भुक्तानी दिदाँ सम्झौता अनुसार रिटेन्सन मनी बापतको ५% रकम कट्टी गर्नुपर्ने र उक्त रिटेन्सन मनी त्रुटीसच्याउने दायित्व सकिएपश्चात, कर समायोजन पेश गरेपछि फिर्ता दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायका फर्महरु सँग मालसामान खरिद कार्यको भुक्तानी गर्दा सम्झौतामा भएको प्रावधान अनुसार ५% रिटेन्सन मनी कट्टी नगरी भुक्तानी गरेको देखिएकोले नियमानुसार नदेखिएको रु.
<table>
<tr><th>गो भौ नं. र मिति</th><th>आपूर्तकको नाम</th><th>खरिद सामग्री</th><th>भुक्तानी रकम</th><th>रिटेन्सन मनि बापतको रकम</th></tr>
<tr><td>२८-०७९।२।६</td><td>दक्षिणकाली प्लाष्टिक इन्डस्ट्रिज प्रा.लि.</td><td>एच डि पि ई पाइप</td><td>३५०६७२९</td><td>१७५३३६</td></tr>
<tr><td>४६-०७९।३।२३</td><td>इलाम सोलार सर्भिस</td><td>सोलार खरिद</td><td>१०६५८१६</td><td>५३२९०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२२८६२६</td></tr>
</table></td><td>२२८,६२६</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>नेपाल सरकारको पुर्व स्वीकृती नदेखिएको
स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११ को उपदफा ८ मा स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने व्यवस्था गरेको छ । यस पालिकाले १८ जनवरी २०२२ (२०७८ माघ ४) मा दक्षिण कोरियाको Inge County का प्रमुख Sang Ki Choi सँग मौसमी कामदारको आदान प्रदान गर्ने गरी सम्झौता गरेको छ । उक्त सम्झदता गर्नका लागि कोरियाबाट आएका ४ प्रतिनिधिको आतेजाते तथा बसाई खर्च बापत पालिकाले भौ न र मिति २४५-०७९।१।११ बाट रु.२१५४०२/- खर्च लेखेको छ । यसरी दुई देशको स्थानीय सरकार बिच भगिनी सम्बन्ध कायम गर्न प्रदेश १ को सरकारसँग च. नं. ३१२ मिति ०७८।१०।२८ मा अनुरोध गरेतापनि तत्पश्चात दुवै सरकारबाट कुनै जानकारि दिएको प्रमाण पेश भएन । ऐनको उल्लेखित व्यवस्था पालना नभएको र पूर्व स्वीकृति वेगर MOU मा सम्झौता गर्ने आधार तथा खर्च लेख्ने प्रमाण पेश हुनु पर्ने रु.</td><td>२१५,४०२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**परामर्श सेवा खरिद** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले बजेट व्यवस्था भई कार्यान्वयन हुने सुनिश्चित भएका आयोजनाहरुको परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्श सेवाबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।	

भौ नं. र मिति	कार्य विवरण	परामर्श दाता	कुल भुक्तानी
२८०-०७९।२।११	मध्यमकालिन खर्च संरचना निर्माण	पानोरमा रिसर्च सेन्टर प्रा. लि.	४८७०३०
२८२-०७९।२।११	राजस्व सुधार योजना निर्माण	इन्ट्रिगेटेड स्टडि एण्ड रिसर्च सेन्टर	४८५३३५
२८४-०७९।२।११	आन्तरिक नियन्त्रण प्रणाली निर्माण	बजार विकास केन्द्र प्रा.लि.	४३९५७०
२८७-०७९।२।११	दिगो विकास लक्ष्यको स्थानीकिकरण	श्री सिक्सटी सोलुसन एण्ड रिसर्च कम्पनी प्रा. लि.	४६२९७२
३९२-०७९।३।२१	भौगोलिक सुचना प्रणाली तथ्याङ्क तयार	ग्रीन इनिसिएटिभ सोलुसन प्रा.लि.	४६८२७२
१५८-०७९।२।११	ट्रान्स्पोर्ट मास्टर प्लान डिपिआर	सार्थक इन्जिनियर कन्सल्टेन्सी प्रा.लि.	११०६८३५
१६२-०७९।२।११	सामुदायिक हल तथा कर्बड हल निर्माण डिपिआर	रेनुका इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा. लि.	१२२५४८५
२७४-०७९।३।२४	बागमारा पवित्र पार्कको डिपिआर	इभल्भ इन्जिनियरिङ्ग प्रा. लि.	८४६९३५
१६०-०७९।२।११	ईभाङ्ग टोवाहाङ्ग सडक डिपिआर	ए एन के इन्जिनियर कन्सल्टेन्सी प्रा.लि.	११३२०५६
१६४-०७९।२।११	सालिक भञ्ज्याङ्ग सुवाचिन चिबुवा ईभाङ्ग रोड डिपिआर	रिज इन्जिनियर कन्सल्टेन्सी प्रा.लि.	१५८८८७२
२७६-०७९।३।२४	हुलाक देउराली बिल्डिङ्ग रोड डिपिआर	इभन आर्क इन्जिनियर कन्सल्टेन्सी प्रा.लि.	८७३३७४

यस्तो खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			गैर सरकारी संस्था मार्फत कार्यक्रम	

गैर सरकारी संस्था मार्फत कार्यक्रम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लागत मूल्याङ्कन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न लक्षित समुह तथा वर्गको लागि विभिन्न कार्यक्रम तथा तालिम संचालन गर्नको लागी छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावलीमा व्यवस्था भए बमोजिम पारदर्शी रुहेको पाइएन । साथै विभिन्न कार्यक्रम तथा तालिम वडा कार्यालयले आफै कार्यदेश दिएको र सोझै संस्था छनौट गरेको पाइयो । अधिकांश कार्यक्रम तथा तालिममा खर्चको नर्म्स, कार्य क्षेत्रगत शर्त तयार नगरी तालिम सत्र्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुसार प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन । यसरी कार्यक्रम सञ्चालन गर्न पटक पटक गरी एउटै संस्थालाई ऐनमा व्यवस्था भएको सिमा भन्दा बढी सोझै खरिदको सिमा नघाई खरिद गरेको पाइयो । यस प्रकारका तालिम तथा कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी उद्यम विकास कार्यक्रम सँग नदोहोरिने प्रवृत्तिको तथा स्थानीय श्रोत साधन र क्षमताको प्रयोगलाई समेत विचार गरी ऐन नियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालन गर्नुपर्दछ ।

कार्यक्रम	कार्यक्रम सञ्चालक	भुक्तानी रकम	कैफियत
सिलाई कटाई तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	२६६११५	रौताहा टेक्निकल कलेज प्रा.लि.को कुल कार्यक्रम रु. १९५६२८४/-
मोटरसाइकल मर्मत तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	३९८३२५	
हाउसवायरीङ्ग तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	४९७२००	
ढाका बुनाई तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	३४८६०५	
गुडिया तथा कुसन निर्माण तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	२४८०३५	
वाँसका सामग्री निर्माण तालिम	रौताहा टेक्निकल कलेज प्रा.लि.	१९८००४	
व्यावसायिक बाख्रपालन तालिम	पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि	२९८०००	पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि को कुल कार्यक्रम रु. १६८०५७८/-
जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास तालिम	पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि	९३६०२४	

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय					बेरुजु रकम
				महिला हिंसा, कानुनी सचेतना बाल विवाह सम्बन्धी चेतना कार्यक्रम	पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि	१४८५००			
				आधारभुत ढाका बुनाइ तालिम	पूर्वाञ्चल स्किल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि	२९८०५४			
				ब्युटी पार्लर तथा मेकअप तालिम	पिरामिड टेक्निकल इन्सटिच्युट प्रा. लि.	२९८०००	पिरामिड टेक्निकल इन्सटिच्युट प्रा. लि.को कुल कार्यक्रम रु. १७७०५४८/-		
				लघु उद्यम सम्बन्धी विभिन्न तालिम	पिरामिड टेक्निकल इन्सटिच्युट प्रा. लि.	१४७२५४८			
				पत्रकारिता प्रशिक्षण तालिम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	१५०७३०	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि. को कुल रु. १७९२४३७/-		
				सञ्चार सीप र स्थानीय तहको समाचार लेखन तालिम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	१९९२८६			
				नेतृत्व विकास तालिम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	१४८६५१			
				सुशासन प्रवर्द्धन कार्यक्रम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	७३६७६			
				व्यवसायीक योजना सम्बन्धी तालिम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	६४५७९			
				सुशासन प्रवर्द्धन कार्यक्रम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	७४०००			
				बालमैत्री कार्यक्रम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	९९९९			
				योजना तर्जुमा तथा स्थानीय समाचार लेखन तालिम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	१५००००			
				स्थानीय विषय पाठ्यपुस्तक लेखन कार्यक्रम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	५४३६६५			
				सार्वजनिक सुनुवाई कार्यक्रम	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	२८९५४६			
				पाँच वर्षे गतिविधी प्रकाशन	बुलन्द मल्टीटेक्निकल मिडिया प्रा. लि.	७१९८१			

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खोजमुलक प्रत्रकारिता तालिम</td><td>हरहर मिडिया प्रा. लि.</td><td>२४८५४९</td><td></td></tr>
<tr><td>माङसेबुङ बुलेटिन निर्माण</td><td>हरहर मिडिया प्रा. लि.</td><td>२५००००</td><td></td></tr>
<tr><td>पत्रकारित फिचर लेखन तालिम</td><td>माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रा.लि.</td><td>१५००००</td><td></td></tr>
<tr><td>फुटवल प्रशिक्षण</td><td>शेर्पा मल्टि ट्रेनिङ्ग सेन्टर प्रा.लि.</td><td>२३३९१०</td><td></td></tr>
<tr><td>विभिन्न सचेतना तालिम तथा कार्यक्रम</td><td>माङसेबुङ गाउँपालिका स्तरिय महिला समन्वय समिति</td><td>४०६०००</td><td>संस्था दर्ता, सम्झौता नभएको सोझै छनौट</td></tr>
<tr><td>तरकारी खेती सम्बन्धी तालिम</td><td>माङसेबुङ गाउँपालिका स्तरिय महिला समन्वय समिति</td><td>९५४५५</td><td>संस्था दर्ता, सम्झौता नभएको सोझै छनौट</td></tr>
<tr><td>एभाकार्डो, कागती, कफि, किवी खेती तालिम</td><td>मंगलबारे युनेस्को संगी शिक्षा कार्यक्रम</td><td>१९७०००</td><td>विजक जारी नगरेको, समाज कल्याणका लागि दर्ता</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>स्फ्टवेयर खरिद
नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, 2071 को बुँदा नं. 4.1 मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ। सरकारी वेबसाईट तथा सफ्टवेयर GIDC को Government cloud मा होस्ट गर्नुपर्ने तथा NITC बाट Domain स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रा. लि. मार्फत किराँत लिम्बु भाषा सफ्टवेयर खरिद गरी रु. ४९४३७५/- खर्च गरेकोमा सूचना प्रविधि विभागबाट स्वीकृति लिएको देखिएन । उक्त सफ्टवेयर पालिकाले प्रयोगमा ल्याएको समेत देखिएन।यस्ता सफ्टवेयर स्वीकृति लिएर प्रयोग गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>विद्यालय आँखा शिविर कार्यक्रम
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सुचिमा रहेका ग्रैह सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लागत मूल्याङ्कन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालय आँखा शिविर कार्यक्रम नेपाल नेत्र ज्योती संघ, नेपाल मार्फत सञ्चालन गरी रु. ३०००००/- खर्च गरेको छ । उक्त संस्थाले पेश गरेको प्रस्तावमा आँखा शिविर सञ्चालन गर्दा देहाय बमोजिम संस्था समेतबाट खर्च व्यहोर्ने उल्लेख भएकोमा उक्त संस्थाले आफ्नो अंश व्यहोरेको पाइएन । साथै संस्था पानमा दर्ता समेत भएकोमा उक्त संस्थाले कार्यक्रम गरेको पान विजक पेश नगरी टुक्रे विजक पेश गरेको छ । अतः प्रस्तावनामा उल्लेख भए बमोजिमको खर्च संस्थाले व्यहोर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>क्र सं.</th><th>विवरण</th><th>प्रस्तावना अनुसार पालिकाको अंश</th><th>प्रस्तावना अनुसार संस्थाको अंश</th><th>भएको खर्च</th><th>संस्थाले व्यहोर्नु पर्ने रकम</th></tr>
<tr><td>१</td><td>उपकरण खरिद</td><td>४००००</td><td>६०५००</td><td>३९६४०</td><td>२३८६३</td></tr>
<tr><td>२</td><td>औषधी खरिद</td><td>११०५००</td><td>५००००</td><td>९०७९८</td><td>२८२८६</td></tr>
<tr><td>३</td><td>प्रचार प्रसार</td><td>३००००</td><td>०</td><td>१७५००</td><td>०</td></tr>
<tr><td>४</td><td>स्वयम सेवक खर्च</td><td>२१०००</td><td>३३०००</td><td>२२०००</td><td>१३४४४</td></tr>
<tr><td>५</td><td>यातायात खर्च</td><td>४००००</td><td>४००००</td><td>४०८३६</td><td>२०४१८</td></tr>
<tr><td>६</td><td>व्यवस्थापन खर्च</td><td>५४०००</td><td>१४५००</td><td>५८८००</td><td>१२४४७</td></tr>
<tr><td>७</td><td>प्रशासनिक खर्च</td><td>१५०००</td><td>५०००</td><td>२३४००</td><td>५८५०</td></tr>
<tr><td>८</td><td>चिकित्सक खर्च</td><td>०</td><td>०</td><td>७७००</td><td>०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३१०५००</td><td>२०३०००</td><td>३००६७४</td><td>१०४३०८</td></tr>
</table></td><td>१०४,३०८</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>वितरण भरपाई
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय सरसफाई सामान ओसार पोसार गरेको खर्च भनी पुष्कर कार्कीलाई रु. १२६००/- खर्च गरेकोमा निजले सम्बन्धित श्रमिकहरुलाई भुक्तानी दिएको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१२,६००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**भ्रमण खर्च** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ८ बमोजिम पालिकाका पदाधिकारी भ्रमण गर्दा आफ्नो पालिकाभन्दा बाहिर बास बस्नु पर्ने गरी भ्रमण गर्नुपरेमा पालिका अध्यक्षले ३ दिनसम्मको भ्रमण आफै र सो भन्दा बढी ७ दिन सम्मको कार्यपालिकाको बैठकबाट स्वीकृत गर्नुपर्ने र कर्मचारीको हकमा भ्रमण नियमावली २०६४ मा ब्यवस्था भए बमोजिम भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने छ र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिबेदन समेत पेश गर्नुपर्ने छ। यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा प्रतिवेदन पेश गरेको देखिएन । ऐनको ब्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ । त्यसतै नमुना छनौट गरी परिक्षण गर्दा निम्नानुसारको पदाधिकारीहरुले भ्रमण खर्च वापत हवाइ टिकटमात्र पेश गरी भुत्तानी लिएको तर बोर्डिङ्ग पास पेश नभएकोमा सो पेश हुनुपर्ने रु.	१०,३००

भ्रमण गर्ने पदाधिकारी/ कर्मचारीको नाम	भ्रमण मिति	प्लेन टिकट	रकम	कैफियत
सल्लाहकार डिकेन्द्र लिम्बु	०७८।४।२४	भ्रद्रपुर-काठमाण्डौ	३०००	बोर्डिङ्ग पास पेश नभएको
सल्लाहकार डिकेन्द्र लिम्बु	०७८।४।२४	काठमाण्डौ-भ्रद्रपुर	३०००	बोर्डिङ्ग पास पेश नभएको
अध्यक्ष डिकेन्द्र इदिङ्गबो	०७८।१२।१	काठमाण्डौ-भ्रद्रपुर	४३००	बोर्डिङ्ग पास पेश नभएको
जम्मा			१०३००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६१			**इन्धन खर्चको मापदण्ड** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी पदाधिकारी तथा कर्मचारीहरुलाई एउटै खर्च शिर्षकबाट यस वर्ष रु. /- इन्धन खर्च गरेको छ । कार्यालयले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धनमा भएको खर्चको वास्तविकता यकिन गरी असुल फछ्यौंट गर्नुपर्दछ । अत: इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिएको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६२			**मोटरसाइकल मर्मत** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले कार्पपालिकाको मिति ०७९।२।१६ गतेको बैठकको निर्णय नं. ९ को आधारमा गाउँपालिका अन्तर्गतका मोटरसाईकल मर्मत गरे बापत पाथिभरा वर्कशपलाई रु. ४१८८६९/- र रिशियाना अटोमोवाइल्स प्रा.लि. लाई रु. ६२८१६/- समेत रु. ४८१६८५/- भुक्तानी गरेको छ । पालिकाले यसरी मर्मत गर्दा स्वीकृती नलिई मर्मत आदेश बेगर सोझै खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.	४१८,८६९
६३			**मूल्य अभिवृद्धि कर विजक** मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार विक्रेताले क्रेतालाई मूल्य अभिवृद्धि कर समावेश वस्तु तथा सेवा आपूर्ति गर्दा अनिवार्य रुपमा मूल्य अभिवृद्धि कर बिजक जारी गर्नु पर्दछ । पालिकाले यस वर्ष एम्बुलेन्स मर्मत बापत कृष्ण मोटर स्पेयर एण्ड रिपेयरिङ्गलाई (भ्याट नं. ३०२२२६८०९) रु. १३९८००/- भुक्तानी दिएकोमा आपूर्तकले नियमानुसार भ्याट विजक जारी नगरी पान विजक जारी गरेको पाइयो । नियममा भएको व्यवस्था अनुसार भ्याट विजक जारी नगरी प्यान विजकको आधारमा भुक्तानी लिएको रकमको कर समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु.	१३९,८००
६४			**निजी सल्लाहकार** गाँउ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३(३) मा गाँउपालिकाको प्रमुख तथा उपप्रमुखले कार्यालय प्रयोजनका लागि कार्यालयको राजश्व, आन्तरिक आय एवं कार्यबोझ समेतलाई ध्यानमा राखि १ जना कर्मचारी निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको बैठक समेतबाट निर्णय गराई निजी सचिवको रुपमा २ कर्मचारी नियुक्त गरी तलब भत्ता, चाडपर्व खर्च बापत चैत्र मसान्त सम्म रु. ३६००००/- खर्च लेखेको देखियो । ऐनमा भएको व्यवस्था अनुसार १ जना कर्मचारीलाई मात्र निजी सचिवको रुपमा राख्न सकिने हुँदा बढी राखेको १ जनाको पारिश्रमिक रु. १८००००/- कार्यालयलाई थप व्ययभार पर्न गएको रु.	१८०,०००
६५			**पदाधिकारी चाडपर्व खर्च** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ (४) मा स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँपालिकामा सदस्यहरुले रु. १० हजार नबढ्ने गरी सभाले स्वीकृत बजेटको सिमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम चाडपर्व खर्च पाइने उल्लेख छ । पालिकाले यस वर्ष गाउँपालिका सदस्यहरुलाई चाडपर्व खर्च बापत जनही रु.१० हजारका दरले चाडपर्व बापत रु. ३३००००/- खर्च लेखेकोमा पालिकाले सोको कार्यपालिका निर्णय गरेको पाइएन । साथै आन्तरिक आम्दानी न्यून रहेको यस पालिकाले सो खर्च राजस्व बाँडफाडँ शिर्षकबाट प्राप्त रकमबाट खर्च लेखेको पाइयो । ऐनमा भएको व्यवस्था पालना नगरी चाडपर्व खर्च लेखेको रकम नियमसम्मत देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६			**अन्य निकायको खर्च** पालिकाले आफ्नो छेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्विकृती प्राप्त गरे पछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले मालपोत कार्यालय, मंगलबारेलाई निवेदनको आधारमा कार्यालय व्यवस्थापन खर्चको बिल भरपाई पेश गरी रु. १२९५९९/- भुक्तानी दिएको छ । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेतअसर पर्ने देखिन्छ । बजेट व्यवस्था भई सञ्चालित कार्यालयहरुको खर्च पालिकाले समेत गर्दा खर्चमा दोहोरो पन भए नभएको एकिन गर्न सकिएन । अन्य सरकारी कार्यालयहरुको खर्च ति तालुक निकायका मन्त्रालयका स्वीकृती बेगर पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको एकिन गर्न नसकिएको रु.	१२९,५९९
६७			**शिक्षक दरबन्दी र पदपूर्ति** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं.	विद्यालयको नाम	ठेगाना	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या २०७८
१	महेन्द्रोदय माध्यमिक विद्यालय	माङसेबुङ १	१६	१६	३	२८८
२	रत्नदेवी आधारभुत विद्यालय	माङसेबुङ १	५	५	२	६९
३	जनता आधारभुत विद्यालय	माङसेबुङ १	४	४	३	७७
४	गजुरमुखी आधारभुत विद्यालय	माङसेबुङ १	७	७	४	१२६
५	माण्डिका आधारभुत विद्यालय	माङसेबुङ १	४	४	३	८८
६	बरभञ्ज्याङ्ग आधारभुत विद्यालय	माङसेबुङ १	७	७	३	१०७
७	इभाङ्ग आधारभुत विद्यालय	माङसेबुङ २	५	५	३	१२९
८	सिंहदेवी आधारभुत विद्यालय	माङसेबुङ २	३	३	२	४५
९	जनता कल्याण आधारभुत विद्यालय	माङसेबुङ २	७	७	६	६५
१०	सरस्वती आधारभुत विद्यालय	माङसेबुङ २	५	५	२	९०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	११	इभाङ्ग माध्यमिक विद्यालय	माङसेबुङ २	१३	१३	७	२६८		बेरुजु रकम
				१२	खाम्नुवा आधारभुत विद्यालय	माङसेबुङ २	२	२	२	२१		
				१३	जिवन ज्योती माध्यमिक विद्यालय	माङसेबुङ ३	८	८	५	१७४		
				१४	दुर्गा माध्यमिक विद्यालय	माङसेबुङ ३	८	८	६	१७७		
				१५	जनकल्याण आधारभुत विद्यालय	माङसेबुङ ३	५	५	३	१३१		
				१६	बालदिप आधारभुत विद्यालय	माङसेबुङ ३	४	४	४	५९		
				१७	पवित्र आधारभुत विद्यालय	माङसेबुङ ३	२	२	०	२४		
				१८	बालकल्याण आधारभुत विद्यालय	माङसेबुङ ३	१	१	०	७		
				१९	दुर्गम आधारभुत विद्यालय	माङसेबुङ ३	२	२	२	१८		
				२०	बिद्या सृजनात्मक माध्यमिक बिद्यालय	माङसेबुङ ४	१०	१०	६	१५९		
				२१	जनज्योती आधारभुत विद्यालय	माङसेबुङ ४	२	२	०	२२		
				२२	सरस्वती आधारभुत विद्यालय	माङसेबुङ ४	७	७	३	१६१		
				२३	जनता आधारभुत विद्यालय	माङसेबुङ ४	४	४	०	४८		
				२४	दुर्गम आधारभुत विद्यालय	माङसेबुङ ४	२	२	१	१९		
				२५	सरस्वती माध्यमिक विद्यालय	माङसेबुङ ५	२०	२०	१२	५६५		
				२६	जयश्वरी आधारभुत विद्यालय	माङसेबुङ ५	४	४	३	५२		
				२७	किरांत साम्जिक मुन्धुम आधारभुत विद्यालय	माङसेबुङ ५	४	४	४	१०१		
				२८	किरांत साम्जिक निसामहिम वेदशाला	माङसेबुङ ५	धार्मिक विद्यालय			१२७		

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
				२९	चिसोपानी माध्यमिक विद्यालय	माङसेबुङ ६	१५	१५	८	४०८		
				३०	सिंहेश्वरी आधारभुत विद्यालय	माङसेबुङ ६	३	३	२	३६		
				३१	बालकल्याण आधारभुत विद्यालय	माङसेबुङ ६	१	१	१	६		
				३२	चन्द्रेश्वरी आधारभुत विद्यालय	माङसेबुङ ६	२	२	०	२३		
				३३	माङमाङलुङ आधारभुत विद्यालय	माङसेबुङ ६	२	२	२	३६		
					जम्मा		१८४	१८४	१०२	३७२६		
			उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवं विद्यार्थी संख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २० जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखियो । विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दीको मिलान कार्य गर्नु पर्ने देखिन्छ ।									
६८			**बढी तलब निकासा** विद्यालयमा कार्यरत शिक्षकको तलब भत्ता निकासा गर्दा शिक्षक दरवन्दी अभिलेख अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, शिक्षक अनुदानकोटा (राहत) मा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी अनुदान दिनुपर्दछ। नमूना छनौट गरी परीक्षण गर्दा पालिकाले इभाङ मा. वि. लाई चौथो त्रैमासिक तलब भत्ता निकासा गर्दा २०७८।१२।२५ मा अवकाश भएका शिक्षक श्री टंक प्रसाद खत्री समेतको तलब भत्ता बापत रु. १२०५०२/- निकासा गरेको देखिएकोले बढी निकासा भएको रकम असुल हुनुपर्ने रु.									१२०,५०२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६९			**छात्रवृत्ती निकासा** गैर आवासीय छात्रवृत्तिको लागि आइ. ई. एम. आइ. एस.मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई शिक्षा अधिकृतवाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रावृत्ति रकम निकासा दिनुपर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकाले उल्लेख गरेको छ । नमूना छनौट गरी देहायका विद्यालयहरुमा छात्रवृत्ति रकम निकासा तथा वितरणको अवस्था परीक्षण गर्दा निम्न विद्यालयमा निकासा भएको रकम भन्दा घटी वितरण गरेको पाइयो । यस सम्बन्धमा पालिकाले प्रमाण पेश गर्नुपर्ने वा सम्बन्धित विद्यालयबाट असुल गरी दाखिला गर्नुपर्ने रु.	७,२००
७०			**विद्यालय शिक्षक अनुदान** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम मार्फत शिक्षकहरुको तलब भत्ता पारीश्रमिक बापत तोकिएको रकम अनुदान स्वरुप निरन्तर निकाशा भई रहेको अवस्था छ । समानिकरण अनुदान समेत समावेश भएको गाँउपालिका चालु बजेट बाट निजी शिक्षकहरुको तलब भत्ता अनुदानमा खर्च गर्न मिल्ने देखिँदैन । गाँउपालिकाले यस वर्ष विभिन्न १२ विद्यालयका ६ जना कम्प्युटर शिक्षक तथा ४ भाषा शिक्षकहरु नियुक्त गरी वर्ष भरीमा निजहरुको तलब भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता बापत रु. २७०२४४०/- विद्यालयलाई निकासा दिएको देखियो । यसरी समानिकरण अनुदानको समेत हिस्सा रहेको नगरपालिका चालु बजेट बाट निजी शिक्षक तलब भत्ता अनुदान बापतको खर्च नियमसम्मत नदेखिएको रु.	२,७०२,४४०
७१			**निर्वाह खर्च भुक्तानी** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ मा प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा ल्याव व्यवस्थापन र कक्षा १०, ११ र १२ का विद्यालयहरुलाई OJT कार्यक्रम सञ्चालन गर्न प्रति विद्यालय रु. १५०००/- का दरले निकासा दिने व्यवस्था छ । विद्यालयले OJT कार्यक्रम सञ्चालन गर्दा कक्षा १० का विद्यार्थीहरुलाई कार्यक्रम सञ्चालन अवधी भरी प्रति महिना रु. १०००/- का दरले विद्यार्थी निर्वाह खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख छ । विद्यालयले निकासा भएको रकमबाट कक्षा १० मा अध्यन्नरत ३५ जना विद्यालयहरुलाई विद्यार्थी निर्वाह खर्च बापत रु. १०५०००/- उपलब्ध गराएको प्रमाण पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.	१०५,०००

Table within item ६९:

विद्यालयको नाम	निकासा रकम	वितरण रकम	बढी रकम	कैफियत
इभाङ्ग मा.वि. मा-२	३६८००	३३६००	३२००	निकासा भन्दा घटी वितरण
सरस्वती आ.वि. मा-४	२६८००	२५२००	१६००	निकासा भन्दा घटी वितरण
जनकल्याण आ.वि. मा-३	२८०००	२५६००	२४००	निकासा भन्दा घटी वितरण
जम्मा			७२००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७२			**वितरण प्रमाण** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाले कोभिड- १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरण लागि शैक्षिक कार्यक्रम अन्तर्गत दमक सर्जिकल सप्लायर्स मार्फत २०७६।६। १० मा ४५००० पिस मास्क, स्यानिटाइजर १५ जार, साबुन २००० पिस, स्ट्रेचर १ सेट लगायतका सामग्री खरिद गरी रु. २६६६२२/- खर्च गरेको छ । पालिकाले उक्त सामग्री जिन्सी दाखिला गरेको भएतापनी कार्यक्रम उद्वेश्य अनुरुप विद्यालयलाई हस्तान्तरण गरी सिकाइ सहजिकरण भएको प्रमाण पेश हुनुपर्ने रु.	२६६,६२२
७३			**अभिलेख व्यवस्थापन** पालिकाले प्रत्येक अस्पतालगत स्वास्थ्यकर्मी र कर्मचारीको सरुवा, बिदा तथा अवकाशको अभिलेख अद्यावधिक राखेको पाइएन । निकासा अभिलेख खाता प्राप्त नभएको हुँदा सो लाई भिडान गर्न सकिएन ।	
७४			**औषधी खरिद** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा पच्चिस लाख रुपैया सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानिय तहले उक्त पक्रिया बेगर पटक पटक दर माग गरी रु. २५१२३२२/- को औषधी, रु. ४६८५९०/- को आयुर्वेदिक औषधी र रु. १७४५५१/- स्वास्थ्य जन्य सामग्री बिना बोलपत्र खरिद गरेको छ । खरिद गरेका उक्त औषधिहरु कुन औषधि कम्पनीबाट उत्पादन भएका हुन नखुल्नुको अतिरिक्त सोको मूल्य राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिँदैन । औषधि डव्लु.एच.ओ. वाट सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्नुपर्ने र नि: शुल्क वितरण हुने भनी खुलाउनु पर्नेमा सो समेत भए गरेको देखिएन । तसर्थ नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद गर्नुपर्दछ ।	
७५			**पकेट विकास कार्यक्रम**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५.१			शर्शत अनुदान अन्तर्गत प्राप्त रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएको नर्म्स अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना तर्फको रकमबाट विभिन्न पकेट विकास सम्बन्धी कार्यक्रम संचालन गरेको छ । सो मध्ये यस वर्ष पालिकाले देहाय अनुसारकका कृषि तथा पशुपालन फर्महरुलाई छनौट गरी ५० प्रतिशत अनुदानमा विभिन्न पकेट विकास कार्यक्रम सञ्चालन गर्न रु. ३४९६८७२/- अनुदान उपलब्ध गराएको पाइयो । पकेट कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला गरेको प्रमाण पेश भएन । साथै निश्चित आधारवाट वास्तविक लाभग्राही कृषकहरुको छनौट भए नभएको प्रमाण कागजात समेत लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले वास्तविक कृषक छनौट भएको भन्न सकिने स्थिति रहेन ।	

भौ नं. र मिति	कृषक संस्था	पकेट क्षेत्र	भुक्तानी रकम	कैफियत
७४-०७९।२।१०	समृद्ध बहुउद्देश्य कृषि फर्म	किवि पकेट क्षेत्र	३९९६७०	श्रोत केन्द्र नतोकिदिएको, समिक्षा नभएको ।
८८-०७९।२।२६	उत्तरे कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेड		३९८७०२	
१३३-०७९।३।१७	टोड्के मलिबासे कृषक समुह	अदुवा पकेट कार्यक्रम	५९८५००	
१५०-०७९।३।२०	सनराईज कृषि तथा पशुपालन समुह	बेसार पकेट कार्यक्रम	६०००००	
१८५-०७९।३।२४	सिंफेरे कृषि तथा पशुपालन समुह	केरा पकेट कार्यक्रम	४०००००	
२१६-०७९।३।२४	साना व्यवसायीक गाईपालन पकेट कार्यक्रम समन्वय समिति	गाई पकेट कार्यक्रम	११०००००	श्रोत केन्द्र नतोकदिएको, गर्भाधान पहिचान नभएको, समिक्षा नभएको ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७५.२			पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरेपश्चात पालिकाले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन । साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरी नराखेको हुँदा पटक पटक एकै फर्म तथा व्यक्तीलाई अनुदान उपलब्ध भए नभएको सम्बन्धमा एकिन हुन सकेन ।	
७६			**लघु उद्यम कार्यक्रम तर्फ** पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम परामर्श दाता पिरामिड टेक्निकल इन्स्टिच्यूट प्रा.लि. मार्फत सञ्चालन गरी रु. १४७२५४८ /- खर्च गरेको छ । यस सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ।	
७६.१			गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ ।पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।	
७६.२			पालिका र परामर्श दाता पिरामिड टेक्निकल इन्स्टिच्यूट प्रा.लि. बिच तालिम सञ्चालनको सम्झौताको बुँदा नम्वर १९ मा परामर्श दाताले भुक्तानीका लागि विल पेश गर्दा सम्पन्न कार्यको विवरण तथा प्रतिवेदन पेश गर्नुपर्ने र यसरी पेश हुन आएका प्रतिवेदन तथा कागजातका आधारमा पालिकाले अनुगमन तथा आवश्यक जाँचबुझ गरी सिफारिस गरेपाछि कार्यक्रम सम्पादन र परिणामको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले शर्तमा व्यवस्था भए बमोजिम पेश हुन आएका प्रतिवेदन तथा कागजातहरु जाँचबुझ गरी सिफारिस गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७६.३			गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ४० मा लघु उद्यमीलाई वार्षिक कार्यक्रममा व्यवस्था भए बमोजिम प्रविधि हस्तान्तरण गरिने र प्रविधि हस्तान्तरण गर्दा उद्यमको प्रकृति हेरी व्यवसायीक योजना अनुसार कार्यक्रम र बजेटको परीधिभित्र रही लघु उद्यमी , लघु उद्यमी समुह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई अनुसूची-१३ बमोजिम सम्झौता गरी उपयुक्त प्रविधि हस्तान्तरण गर्न सकिने उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको २० प्रतिशत सम्म जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले व्यहोर्ने उल्लेख छ र यसरी हस्तान्तरण भएका प्रविधिहरुको उपयोगको विवरण कार्यालयमा पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष प्रविधि हस्तान्तण कार्यक्रम अन्तर्गत देहायका लघु उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम वीस प्रतिशत रकम उद्यमीलाई जम्मा नगरी प्रविधि खरिदको सत प्रतिशत रकम भुक्तानी गरेको पाइयो ।यसरी प्रविधि हस्तान्तरण गर्दा निर्देशिकामा तोकेबमोजिम सम्झौता गरेको पाइएन र कार्यालयले हस्तान्तरण भएका प्रविधिहरुको उपयोगको विवरण समेत तयार गरेको देखिएन । निर्देशिकामा भएको व्यवस्था को पालना तर्फ कार्यालयले ध्यान पुर्याउनुपर्ने देखिन्छ । साथै लघु उद्यमीहरुले जम्मा गर्नुपर्ने २० प्रतिशत रकम उद्यमीहरुबाट संकलन गरी संघीय राजस्वमा दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.	८७,९१७

भौ नं. र मिति	लघु उद्यम समुहको नाम	खरिद प्रविधि	भुक्तानी रकम	लघु उद्यम समुहले व्यहोर्नु पर्ने रकम
७५-०७९।२।११	चिवुवा लघु उद्यम समुह	१२ थान सुलाई मेसिन तथा हाथे स्टेन्ड	१८३१५६	३६६३१
११७-०७९।३।१५	छेरकमा लद्यु उद्यमी समुह	५ सेट ढाका बुनाईको तान सेट	१२५४३०	२५०८६
२०७-०७९।३।२४	इन्द्रेणी लघु उद्यमी समुह	१४ थान स्प्रे टैंकी	३५०००	७०००
२०७-०७९।३।२४	पाटीगाउँ लघु उद्यमी समुह	६ थान च्यापकटर	९६०००	१९२००
	जम्मा		४३९५८६	८७९१७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७७			**बार्देम्वा झोलुङ्गे पुल** साझेदारी लगानी आयोजनामा खर्च गर्दा सम्झौतामा उल्लेखित अनुपात अनुसारको श्रोतवाट खर्च लेख्नु पर्दछ । बार्देम्वा झोलुङ्गे पुल निर्माण कार्यक्रममा कुल लागतमा सघिय सरकार, गाउँपालिका तथा उपभोक्ता समितिको योगदान क्रमश ८५ ,१३ र २ प्रतिशत रहेको पाइयो । पालिकाले बार्देम्वा झोलुङ्गे पुल निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई पहिलो रनिङ्ग विल भुक्तानी रु. ९५७८०६/- मा संझौता अनुसार पालिकाको योगदान तथा उपभोक्ता समितिको योगदान समावेश नगरी विल बमोजिमकै रकम संघीय सरकारबाट खर्च गरेको देखियो । उक्त खर्चमा पालिकाको योगदान तथा उपभोक्ता समितिको योगदान बापत रु. १४३६७०/- को श्रोतगत खर्च हिसाव मिलान गरि सोको प्रमाण पेश गर्नु पर्ने देखिएको रु.	१४३,६७०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
७८			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका सबैवडाहरुमा मा बाटो मर्मत, सडक स्तरउन्नति, सिंचाई तथा नदि नियन्त्रण, नाला सरसफाई लगायतका विभिन्न कार्यक्रम सञ्चालन गरी यस वर्ष ३०१ जनालाई औसतमा ६२ दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. १०८०२५९९/- खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन।	
७९			**लागत अनुमान** पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत लाग्ने विभिन्न सामग्री तथा उपकरण गाउँपालिका चालु शिर्षक मार्फत खरिद गरेको पाइयो ।लागत अनुमान तयार गर्ने प्रयोजनको लागि विभिन्न आइटम कामको दर विश्लेषण गर्दा तोकिएको नर्म्स तथा निर्धारित दररेट लाई आधार लिई एकिन गर्नु पर्दछ । पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न योजना सञ्चालन गर्न बनाएको लागत अनुमानमा सामग्री खरिद तथा प्रयोगबापत को खर्च समेतलाई समावेश गरी लागत अनुमानमा दर रेट तयार गरेको छ । सोही दर रेटका आधारमा कार्य सम्पन्न भएकोमा सामग्री प्रयोग बापत अनुमान गरिएको खर्च समेत डोर हाजिरी को आधारमा खर्च भुक्तानी भएको पाइयो । नमुना छनौट गरी देहायका योजनाहरुको लागत अनुमान विश्लेषण गर्दा सामग्री खरिद समावेश भएको आइटममा समेत डोर हाजीरीको आधारमा रु. भुक्तानीको सम्बन्धमा वास्तविक कामको भुक्तानी भए नभएको एकिन हुन नसकेको रु.	१,४६४,८७०

भौ नं. र मिति	योजनाको नाम	सामग्री बापतको रकम
८४,२।१६	ठुलो ढुंगा बथाने तिल्केनी सडक मर्मत-१	१०४७८२
९४,०३।०१	झेपाले पर्यटन पद मार्ग निर्माण - ४	२२३९३
१०१, ०३।०१	चुचिनम्बा गैरिगाँउ मन्दिर सरसफाई तथा मर्मत	१३३३७
१९२, ३।२४	पशु विकास भवन निर्माण स्थल निर्माण	७२८४
१३१,०३।१७	हिटी महारानी डाँडा गापा भवन सडक मर्मत तथा सोलिङ -२	६७७४
१२९,३।१७	मालिबासे लक्ष्मी गापा सडक मर्मत	२०५६९६
१९०,०३।२४	मिक्तोक्ला जुकेपानी ठाडो बाटो ढुङ्गे सिढी निर्माण -५	४६७९२
१९७,०३।२४	चाम्लिङपाटा पदमार्ग निर्माण	८५३५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
				१९९,०३।२४	मझुवा नामतोक्ला धाराछेउ पदमार्ग निर्माण	१४१८७१		
				१८९,०३।२४	सिमलटार तीनदोभान चेपे मुसे पदमार्ग	८५७९		
				१६०,०३।२२	हाङरुङटार पदमार्ग निर्माण	१२९७४२		
				१५९,०३।२२	पञ्चमी बजार पदमार्ग निर्माण	१४२४६१		
				१५८, ०३।२२	वडा बाहिला माल्टेनी पदमार्ग निर्माण	८२९२२		
				१८०,०३।२४	हिटीधारा मर्मत-३	१४००७१		
				१७४,०३।२३	खाम्नुवा आवि खेलमैदान मर्मत	१०४९६२		
				१६४,०३।२२	तीनचुले आश्रम मर्मत	१४१११७		
				२०२,०३।२४	रुपाङ्गे गाँउले मार्ग जोड्ने पदमार्ग निर्माण	१५७५५२		
					जम्मा	१४६४८७०		
८०			**सामाजिक सुरक्षा भत्ता वितरण** सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ६०४४७६८१/- निकासा भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ। पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैँक मार्फत वितरण गरेको छ । आन्तरिक लेखापरीक्षणबाट निकासा बराबर खर्च प्रमाणित गरी लेखापरीक्षणको क्रममा बैँकबाट प्राप्त रिभर्स फिड माग गरी परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसारछन्ः					

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०.१			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ। नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाणपत्र नम्वर नभएको, ना.प्र.नं. दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएको ले मृत्यु भैसकेका सबै लाभग्राहीहरुको लगत कट्टा भएन भएको एकिन गर्न सकिएन। एम.आई.एस. विवरण अद्यावधिक नहुँदा एकै नाम थर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भैसकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा गाउँपालिका ले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ।	
८०.२			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा बैँक तथा वित्तिय संस्थाले सामाजिक सुरक्षा खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । पालिकाले खाता खोलेको मिति देखि हालसम्म तथा आर्थिक वर्षको अन्तसम्म एक पटक पनि कारोबार नगर्ने लाभग्राहीको खाताको विवरण तयार गरेको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथा सिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०.३			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३(५) मा गाउँपालिकाबाट प्राप्त रकम बैँकले लाभग्राहीको खातामा जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैँक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (रिभर्स फिड सहित) कार्यविधिको अनुसूची-८ बमोजिम रिभर्स फिड त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई अनिवार्य रुपमा पठाउनुपर्ने उल्लेख छ । साथै वितरण नभई रकम बाँकी भए सो समेतको विवरण बैँकले कार्यालयलाई उपलब्ध गराउनु पर्दछ । पालिकालाई वडा नं. १ का लाभग्राही हरुको भत्ता वितरण गर्ने एक्सेल डेभलप्मेन्ट बैँकबाट अन्तिम त्रैमासिकको रिभर्स फिड प्राप्त भएन । अन्य बैँकहरुबाट रिभर्स फिडको विवरण प्राप्त भएतापनी वितरण नभई बाँकी रहेको रकमको विवरण उपलब्ध हुन आएन । पालिकाले आ.व. २०७७।७८ को अनुमानित बजेट प्रतिवेदन बाट ६ वटा वडाहरुमा भत्ता वितरण गर्न देहायअनुसार बैँकहरुमा रु. ६०४४७६८१/- पठाएको व्यहोरा श्रेस्ताबाट देखिन आएको छ । लेखापरीक्षणमा प्राप्त रिभर्स फिड को परीक्षण गर्दा बैँकहरुले चारवटा त्रैमासिकमा गरी रु. ५९६५६०७५/- लाभग्राहीको खातामा जम्मा गरेको र बाँकी रकम रु. ७९१६०६/- बराबरको रकम लाभग्राहीको खातामा जम्मा गरेको देखिएन । उक्त बाँकी रकम मध्ये एक्सेल डेभलप्मेन्ट बैँक, मंगलबारेले कोष तथा लेखा नियन्त्रण कार्यालयको नाममा रु. २२०००/- चेक मार्फत फिर्ता गरेको देखिएतापनी उक्त रकम संघीय संचित कोष फिर्ता भएको प्रमाण पेश हुन आएन । यसरी वितरण गर्न बाँकी रकम रु. ७६९६०६/- सम्बन्धमा कार्यालयसँग सोधपुछ गर्दा उक्त रकम बैँकले लाभग्राहीहरुको खातामा जम्मा गरेको भनी बैँक जम्मा भएको पत्र पेश भएको तर उक्त कारोवार रिर्भस फिडमा नदेखिएकोले यस सम्बन्धमा छानबिन गरी एकिन गर्नुपर्ने र खर्च नभएमा उक्त रकम संघीय सञ्चितकोष फिर्ता दाखिला गर्नुपर्ने देखिएको रु.	७६९,६०६

वडा नं.	बैँकको नाम	निकासा रकम	वितरण रकम	बाँकी रकम	फिर्ता रकम	फरक रकम
१	एक्सेल डेभलपमेन्ट बैँक	१२६६१२०३	१२१२११६३	५४००४०	२२०००	५१८०४०
२,३,४,५,६	सिटिजन बैँक	४७७८६४७८	४७५३४९१२	२५१५६६	०	२५१५६६
	जम्मा	६०४४७६८१	५९६५६०७५	७९१६०६	२२०००	७६९६०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८०.४			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिले भत्ता वितरण गर्दा लाभग्राहीको संख्या एकिन गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै त्रैमासिकमा एकै व्यक्तिको नाम, नागरिक्ता नम्बर तथा बैँक खाता रहेको लाभग्राहीलाई दोहोरो निकासा हुने गरी खर्च लेखेको पाइयो । तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक गरी निम्नानुसार दोहोरो हुने गरी बढी खर्च लेखेको रकमको सम्बन्धम एकिन गरी असुल गर्नुपर्ने रु.	७५,८४०

सि.नं.	वडा नं.	लाभग्राहीको नाम	ना.प्रा.प. नं.	जन्म मिति	बैँक खाता नम्वर	भुक्तानी	कैफियत
१	१	भिमावती लिम्बु	१२१९-४९५	२७।१२।२००५	०१६१०८००१२५८१५००००००१	१२०००	प्रथम त्रैमासिकमा एकै नागरिकता नम्वर एकै बैक खाता नम्बर रहेकोले दोहोरो देखिएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय								बेरुजु रकम
			२	१	बिनावती लिम्बु	१२१९४९५	२७।१२।२००५	०१६१०८००१२५८१५०००००			
			३	१	विष्णु माया निरौला	३७३८६२	३।९।२००२	०१६१०८०००६८४३२०००००	२३९४०	प्रथम दोस्रो र त्रेस्रो त्रैमासिकमा एकै बैक खाता नम्बर रहेकोले दोहोरो देखिएको	
			४	१	विष्णु माया निरौला	६१४२१०	५।३।२०१३	०१६१०८०००६८४३२०००००			
			५	१	मन माया लिम्वु	६१४२१०	२।३।२००६	०१६१०८०००६७७२३०००००	३१९२०	प्रथम र दोस्रो त्रैमासिकमा एकै बैक खाता नम्बर रहेकोले दोहोरो देखिएको	
			६	१	मन माया लिम्वु	१५६४८२	२।३।२०१२	०१६१०८०००६७७२३०००००			
			७	१	मन माया लिम्वु	२५३६४६	२।३।२०१२	०१६१०८०००६७७२३०००००			
			८	१	धनमाया लिम्बुनी	१०३९१३९	३।५।२०२०	०१६१०८००१२५३०००००००१	७९८०	प्रथम त्रैमासिकमा एकै नागरिकता नम्वर एकै बैक खाता नम्बर रहेकोले दोहोरो देखिएको	
			९	१	धनमाया लिम्बुनी	१०३९-१३९	३०।५।२०२०	०१६१०८००१२५३०००००००१			
					जम्मा				७५८४०		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८१			**सामाजिक सुरक्षा फिर्ता** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत निकासा भएको रकम वितरण नभई बाँकी भए सो को विवरण बैंकले एकिन गरी संघीय खातामा फिर्ता हुनुपर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार एक्सेल डेभलप्मेन्ट बैंक, मंगलबारेले कोष तथा लेखा नियन्त्रण कार्यालयको नाममा रु. २२०००/- चेक मार्फत फिर्ता गरेको देखिएतापनी उक्त रकम संघीय संचित कोष फिर्ता भएको प्रमाण पेश हुनपर्ने रु.	२२,०००
८२			**राजस्व दाखिला** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राप्त हुने रकम दैनिक रुपमा बैंक दाखिला नगरी प्रत्येक महिनाको अन्ततिर एकमुष्ट जम्मा गर्ने गरेकोमा सुधार हुनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८३			**कर निर्धारण तथा असुली** यो वर्ष पालिकाले गरेको आन्तरिक आय अनुमान र वास्तविक आय निम्न अनुसार रहेको छ ।	

सि न	आम्दानी शीर्षक	अनुमान	यो वर्षको आम्दानी	प्रगति प्रतिशत
१	सम्पत्ती बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर	१०५०००	११९५३	११.३८
२	भूमीकर मालपोत	१५००००	३६०४३९	२४०
३	घरबहाल कर	७५०००	२७५६१	३७
४	बहाल विटौरी शुल्क	३००००	०	०
५	पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	४००००००	६०८०००	१५
६	व्यवसायले भुक्तानी गर्ने	५०००	२०००	४०
७	अन्य कर रु २५०००००० बेरुजु बापत प्राप्त समेत	१७५०००	६३८७८०७	३६५०
८	अन्य प्रशासनिक सेवा शुल्क	१५००००	६९१८८६	४६१
९	सिफारिस दस्तुर	२६००००	२७६५४६	१०६
१०	व्यवसाय कर	५००००	२४९०९	५०
	जम्मा	५००००००	८३९११०१	१६८

अनुमान गरिएका राजस्व शिर्षक मध्ये बहाल विटौरीमा शुन्य प्रतिशत प्रगति रहेको छ भने भूमिकर, सिफारिस दस्तुर सेवा शुल्क बाहेक अन्यमा निकै न्यून प्रगति देखिएकोले आन्तरिक राजस्व वृद्धिको लागि यथार्थताको नजिक हुनेगरी अनुमान र करको क्षेत्र विस्तार गरि आन्तरिक राजस्वको वृद्धी गरि आर्थिक रुपमा सवल पालिका बनाउन पहल गर्नुपर्ने देखिन्छ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४			**आय ठेक्का** पालिकाले यो वर्ष आय ठेक्का तर्फ सडक उपयोग सेवा शुल्क ठेक्का एक निकासी कर ठेक्का एक र नदीजन्य पदार्थ संकलन र बिक्री ठेक्का २ गरी जम्मा ४ ठेक्का बन्दोबस्त गरेको छ । प्रदेश आर्थिक ऐन २०७८ को दफा ६ अनुसार अनुसुची ४ मा प्राकृतिक स्रोत संकलन तथा बिक्री मुल्यको दर तोकेको छ। जस अनुसार ढुङ्गा गिटी रोडा ग्राभेल चट्टान स्लेटकोरू ६ तथा बालुवा र चिप्समा रू ४.७५ तथा माटोको रु ३ कटिङ ढुङ्गा रू ६ प्रति क्युविक फिट विक्री मुल्य कायम गरेको छ।यो बर्ष पालिकाले रतुवा खोलाको नदिजन्य पदार्थको लागि मु .अ. कर बाहेकको रू ४६०८००० तथा फेवा लम्फेवा तथा देउमाई फाकफोकको नदिजन्य पदार्थको बिक्री मुल्य मु .अ. कर बाहेक रू १२०१००० मा निर्माण व्यवसायी जे एण्ड जे निर्माण सेवा र देउमाई निर्माण सेवा संग ठेक्का ठेक्का सन्चालन गर्ने विभिन्न शर्त सहित सम्झौता गरि आय ठेक्का सन्चालन गरेको सम्बन्धमा परीक्षणको क्रममा निम्न व्यहोरा देखिएका छन्:-	
८४.१			१. पालिकाले व्यवसायीसँग गरेको प्रत्येक सम्झौतामा कुनै किसिमको कर सेवा शुल्क र दस्तुर थप गरी लिन नपाउने र नियमानुसारको शुल्क दस्तुर कर असुल गर्दा पालिकाबाट प्रमाणित भर्पाई रसिदको आधारमा मात्र गर्ने उल्लेख भएकोमा सोको अभिलेख पालिकासँग नरहेको अवस्थामा यसको सदुपयोगमा यकिन हुन सकिएन । २. संझौताको शर्त न २ मा साधारण निर्माणमुखि नदिजन्य पदार्थको उत्खन्न सकलन गरि घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा तोकिएको शर्तहरुको पालना भए नभएको अनुगमन गरि निर्देशन तथा आबश्यक कारबाही पालिकाले गर्नुपर्ने व्यवस्था रहेता पनि पालिकाबाट अनुगमन भएको लिखत अभिलेख देखिएन । ३. शर्त न १३ मा संकलन केन्द्रको विवरण पुर्व स्वीकृत लिई तोकिएको अनुसार राख्न पर्नेमा सोको अभिलेख राखेको छैन । ४. संझौताको शर्त नं २६ अनुसार उत्खन्न संकलन वा ढुवानी कर्ताले संकलन वा ढुवानी गरेको परिणामको दैनिक पटके बिक्री वा ढुवानी गरेको परिणामको दैनिक अभिलेख अनुसुचि ४ (क) बमोजिम र दैनिक गरेको बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसुची ४ (ख)बमोजिम राख्नु पर्नेमा राखेको छैन। ५. पालिकाले २०७७ को आई ई ई प्रतिबेदन अनुसार फेवाखोलाको वडा न १,२, ३ का विभिन्न स्थानबाट उत्खन्न गर्न अनुमति लिएको क्षेत्रबाट २८८५० घन मिटरको हुने १०,१८,८२८ घन फिटको ठेक्का बन्दोबस्त गर्न सक्ने सुझाव पेश भएकोमा ३,८२,८७० घन फिटको लागि ठेक्का बन्दोबस्त भएता पनि वातावरणीय अध्यन प्रतिबेदनको कार्यान्वयनको सन्दर्भमा उत्खनन स्थान अनुसारको परिमाण नियन्त्रण अभिलेख ,पटके प्रवेश आदेश र संकलन केन्द्को अस्पष्टता जस्ता प्रमाण व्यहोराको अनुगमन कार्यलयबाट नहुदा उक्त विक्री नियमानुसार नै भएकोमा एकिन हुन सकिएन । ६. त्यसैगरी रतुवा खोला वडा नं ४ र ५ को ७ स्थान बाट बार्षिक २०७१२०५.२० क्युविक फिट हुनेमा यो बर्ष १२७९१५१ क्यु फिटको ठेक्का लगाए पनि अवस्था माथि उल्लेख भए अनुसार नै देखिएकोले नदीजन्य पदार्थको आय ठेक्का दक्ष तथा प्रभावकारी भएको भन्न सक्ने अवस्था रहेन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(३,क) शिलबन्दी दरभाउ पत्रबाट खरिद कार्य गर्दा कम्तीमा ३ ओटा दरभाउ पत्र प्राप्त हुनु पर्ने उपनियम (९) ले परीक्षण र मूल्याङकन गर्ने उपनियम ९(क) ले न्यूनतम तीनवटा दरभाउ पत्र सारभुत रुपमा प्रभावग्राही भएको अवस्थामा मात्र कबोल अंक स्वीकृत गर्ने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (५,६,७) मा दोस्रो र तेस्रो कबोलकर्ताले अवसर पाउने अवस्था देखिन्छ । यस अवस्थामा पालिकाले सो सम्बन्धि कुनै प्रयास विना नै दोस्रो र तेस्रो कबोलकर्तालाई कुनै जानकारी नै नगराई र राजस्व परामर्श समितिको सिफारिस विना नै तेस्रो पटकको सूचनामा ४ लाख ८० हजार राजस्व घटि हुने गरी ठेक्का सम्झौता गरेको पाईयो । पालिकाको निकासी कर संकलनका लागि न्युनतम २० लाख ठेक्का कायम गरी ०७८।०३।०७ मा सूचना प्रकाशित गर्दा ३ वटा दरभाउ पत्रदर्ता भई लाला बिल्डर्सको रु २०लाख २ हजारको कबोल अंक स्वीकृत भएकोमा निजलाई पटक पटक पत्राचार गर्दा सम्झौता गर्न नआएकाले ०७८।०५।०७ को निर्णयानुसार निजको जमानत जफत गरी उक्त ठेक्का रद्द गरी पुन ०५।२० मा सोही अंकमा सूचना गरेकोमा निवेदन पेश नभएको र पुन ०७८।०७।०८ मा न्यूनतम अंक १५ लाख कायम गरी सूचना प्रकासित हुँदा रु १५ लाख २० हजारमा कबोल स्वीकृत भई ठेक्का लागेको देखियो । पहिलो सूचना अनुसारको ठेक्का रद्द गर्दा दोस्रो र तेस्रो स्थानमा रहेको कबोलबर्ताको सम्पूर्ण कागजात नभएकोले रद्द गरिएको जनाई तेस्रो सूचना अनुसार ठेक्का बन्दोबस्त लगाएकोमा यसबाट पालिकालाई रु ४,८०,०००। नोक्सान भएको देखियो । त्यसमा सम्झौताकर्तालाई जिम्मेवार बनाउनु पर्दछ ।	
८४.३			**मूल्य अभिवृद्धिकर छुटः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु. ८३,३१,०००।- असूली गर्दा नियमानुसार हुने रु. १०,८०,४३०।- मूल्य अभिवृद्धि कर रकम असुल गरेका छैनन् । यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु.	१,०८०,४३०

ठेकेदारको नाम	आय ठेक्काको विवरण	सम्झौता रकम	मुअकर छुट रकम
गजुरमुखिमाई निर्माण सेवा	३।०७८।७९ निकासी कर	१५२००००	१९५०००
लाल विल्डर्स	आय ३।०७८।७९सडक उपयोग	१००२०००	१३०२६०
देउमाई निर्माण सेवा	१।०७८।७९ नदीजन्य सामग्री	१२०१०००	१५६१३०
जे.एण्ड जे निर्माण सेवा	२।०७८।७९ नदीजन्य सामग्री	४६०८०००	५९९०४०
	जम्मा	८३३१०००	१०८०४३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८४.४			**विभाजिय कोषः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ६(४) अनुसार प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा पालिकाले यो वर्ष प्राकृतिक श्रोतबाट रु ५८०९०००/- असुल गरेकोमा सोको ४० प्रतिशतले हुने रकम रु २३२३६००/- प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेमा यो वर्ष रु २०३५३६०/- मात्र दाखिला गरिएकाले फरक रकम दाखिला गरी सो को प्रमाण पेश गर्नु पर्ने रु.	२८८,२४०
८५			बेरुजु सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले संपरीक्षण गरी फस्र्यौट गरेको निम्न बेरुजुको फस्र्यौट अनुगमन गर्दा फस्र्यौट मनासिव देखिएकोले लगत कट्टा गरि बेरुजु अभिलेख अद्यावधिक बनाउनु पर्दछ ।	

सि.नं.		आ.व.	वेरुजुदफानं.	वेरुजु फछ्र्यौटको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
					असुली	प्रमाण	नियमित	पेश्की	
१		२०७५/७६	३८	**बढी भुक्तानी भएको रकम मिति २०७९।२।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्र्यौट**	**३१७१६**				**३१७१६**
२		२०७५/७६	७८	**कला शिवा पोखरेलको कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्र्यौट**	**४४०००**				**४४०००**
३		२०७५/७६	८४	**कला शिवा पोखरेलको कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्र्यौट**	**२२७२७**				**२२७२७**
४		२०७४/७५	१३	**कला शिवा पोखरेलको कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्र्यौट**	**३००००**				**३००००**
५		२०७५/७६	७८	**सन्त कुमार वि.क.को कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको**	**२००००**				**२००००**

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय										बेरुजु रकम
							सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्यौंट							
			६		२०७५/७६	८४	सन्त कुमार वि.क.को कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्यौंट	२२७२७				२२७२७		
			७		२०७५/७६	७८	धन माया वि.क. को कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्यौंट	२००००				२००००		
			८		२०७५/७६	८४	धन माया वि.क. को कानूनले तोकेभन्दा बढी भुक्तानी लिएको सुविधा रकम मिति २०७९।१।९ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्यौंट	२२७२७				२२७२७		
			९		२०७५/७६	८३	पुष्कर कार्की रु. ३३१५/- युवराज दाहाल रु. ३३१५/- कृष्ण ढुंगेल रु. ३३१५/- काजीमान राई रु. ३३१५/- को बेरुजु रकम २०७९।५।१३ मा आन्तरिक राजस्व खातामा दाखिलाको प्रमाण पेश भएकोले फछ्यौंट	१३२६०				१३२६०		
							जम्मा	२२७१५७				२२७१५७		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८६			अध्यावधिक बेरुजु स्थिती यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । रु. हजारमा	

गत वर्ष सम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
९७८४७	२२७	२६११७	०	१२३७३७